प्रजातन्त्रका आधारभूत पक्षहरू
- संवैधानिक सर्वोच्चता
- बहुलवादको सम्मान
- विधिको शासन
- शक्ति पृथकीकरण
- आवधिक निर्वाचन
- मौलिक हक
- मानव अधिकार
- पूर्ण प्रेस तथा वाक स्वतन्त्रता
- सामाजिक न्याय तथा समावेशीकरण
- आर्थिक, सामाजिक तथा सांस्कृतिक विकास।
नेपाल सरकार
विज्ञापन बोर्ड

PRATEEK DAILY
# प्रतीक
दैनिक
राष्ट्रिय 'क' वर्ग
epratekdaily.com


निश्शुल्क प्रतीक दैनिक पढ्न चाहनुहुन्छ भने लग अन गर्नुहोस् ।
epratekdaily.com

❖ वर्ष ३७ ❖ २०८० फागुन ०७ गते सोमवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2024 February 19 Monday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क १७१

## किर्ते गरी अर्काको जग्गा आफ्नो नाममा गर्ने प्रयास विफल

प्रस, वीरगंज, ६ फागुन/

पर्सा जिल्ला अदालतबाट अर्काको जग्गामा मुद्दा लडी आफ्नो हकमा फैसला गराएर किर्ते गर्न खोज्ने एकजना भूमाफियाको पोल खुलेको छ ।

हाल काठमाडौं बस्ने रेणुदेवी अग्रवालको नाममा रहेको वीरगंज महानगर–५ बिटौरीको जग्गामा अब्दुल हमिद अन्सारीले पर्सा जिल्ला अदालतमा मुद्दा दायर गरी आफ्नो हकमा फैसला गराएका थिए ।

उनले २०७६ सालमा अदालतबाट फैसला गराए पनि २०८० फागुन १ गते कित्ताकाटको लागि मेन्टेनेन्स नापी शाखामा जाँदाबाट यो पोल खुलेको थियो।

नापीमा अग्रवालले बिटौरीको जग्गा पहिले नै हालसाबिक गराएर कित्ता नं ४८ को ००७७.४० र कित्ता नं ४९ को ०००८३ गराएकी थिइन् । अदालतको आदेशमा सो जग्गा कित्ताकाट गर्दा अग्रवालको नाममा दर्ता भएको नापीले देखाएको थियो। यही जग्गा भूमिसुधार


तस्वीरः फाइल

तथा मालपोत कार्यालय, पर्साबाट अन्सारीले अदालतको बन्डापत्रको आधारमा दाखिला खारेज गराउन निवेदन दिएका थिए र मालपोतले कित्ताकाटको लागि नापीमा पठाएको थियो।

आफ्नो जग्गा अर्काले अदालतको आदेशमा आफ्नो नाममा दर्ता गराउन खोजेको भनी अग्रवालले थाहा पाएपछि मालपोत कार्यालय, पर्सामा उजूरी गरेकी थिइन् र सो सम्बन्धमा छानबीन भएपछि नापीबाट गरिएको कित्ताकाट मालपोतले आज बदर गरेको छ। अहिले अन्सारी र यो कागजपत्र तयार गरी दाखिला खारेजको लागि पहल गर्ने लेखनदास साबिर सम्पर्कविहीन छन् ।

भूमिसुधार तथा मालपोत कार्यालय, पर्साले समयमैं घटनाबारे जानकारी भएकोले एउटाको जग्गा अर्काको नाममा जान जोगिएको जनाएको छ ।

भूमिसुधार तथा मालपोत कार्यालय, पर्सामा यो घटना नौलो होइन। यसअघि पनि नापी नभएको बिटौरी र सुशीला सुन्दरी जग्गाहरूको अदालतमा मुद्दा दिने, आफ्नो पक्षमा फैसला वा मिलापत्र गरेर हडप्ने कार्य हुँदै आएको छ ।

यस्ता घटनामा थुप्रै मुद्दा जिल्ला, उच्च र सर्वोच्च अदालतमा विचाराधीन छन् ।

## एक वर्षको राजस्व सङ्कलन लक्ष्य पोखरियाले सात महीनामै पूरा गर्‍यो



तस्वीरः फाइल

प्रस, पोखरिया, ६ फागुन/

पोखरिया नगरपालिकाले चालू आवमा आन्तरिक राजस्व सङ्कलन लक्ष्य सातौं महीनामैं पूरा गरेको छ ।

पोखरिया नपाले चालू आव २०८०/८१ मा आन्तरिक कर ४५ लाख रुपैयाँ सङ्कलन लक्ष्य लिएको थियो। यो लक्ष्यमध्ये चालू आवको सातौं महीनामा ४२ लाख सङ्कलन भइसकेको निमित्त प्रमुख प्रशासकीय अधिकृत अजयकुमार श्रीवास्तवले बताए ।

उनले पोखरिया नपाले बहालकर, बजारकर, नक्शापास दस्तुरलगायतका शीर्षकमा चालू आवको सातौं महीनामा ४२ लाख सङ्कलन गरेको जानकारी गराएका छन्। उनले एक वर्षमा सङ्कलन हुने लक्ष्य राखिएको ४५ लाख फागुन महीनामैं पूरा हुने दाबी गरे ।

## रौतहटमा अनिश्चितकालीन कर्फ्यूको क्षेत्र विस्तार
### थप चारवटा वडासहित छवटा कर्फ्यू जारी

प्रस, रौतहट, ६ फागुन/

जिल्ला प्रशासन कार्यालय, रौतहटले शनिवार साँझ ५ बजेदेखि इशनाथ नगरपालिकाका‌का दुईवटा वडामा लगाएको अनिश्चितकालीन कर्फ्यूलाई आइतवार क्षेत्र विस्तार गर्दै थप चारवटा वडामा कर्फ्यू आदेश जारी गरेको छ।

हिजो साँझदेखि जिल्ला प्रशासनले वडा नं ६ र ७ का विभिन्न स्थानमा कर्फ्यू आदेश जारी गरेको थियो। आज थप वडा नं २ देखि ५ सम्म चारवटा वडामा अनिश्चितकालीन कर्फ्यू जारी गरेको सो कार्यालयले जनाएको छ ।

बन्जरहा मोड, हनुमान मन्दिर, सानो घिउरा गाउँ, रामपुरखापदेखि जमिल अख्तरको बोर्डिङ स्कूलसम्म, औरैयादेखि जयनगरसम्म स्थानीय प्रशासन ऐन २०२८ को दफा ६ को १ (क) र (ख) र दफा ६ को २ र ३ बमोजिम आवतजावत, भेला, हिंड्डुल, जुलूस, घेराउ, ऱ्याली आदिमा प्रतिबन्ध लगाएको छ ।

जारी कर्फ्यू आदेश उल्लङ्घन गर्नेलाई कानूनबमोजिम कारबाई हुने प्रमुख जिल्ला अधिकारी हीरालाल रेग्मीले बताएका छन्। इशनाथ नगरपालिकामा फागुन ३ गते सरस्वतीपूजाको मूर्ति



तस्वीरः फाइल

सेलाउने क्रममा घिउरा गाउँमा दुई पक्षबीच झडप भएको थियो। झडपमा दुवै पक्षका मानिसहरू घाइते भएका र त्यसपछि अवस्था तनावपूर्ण बनेको थियो। परिस्थितिलाई साम्य गर्न शनिवार सर्वपक्षीय बैठक डाके पनि त्यसमा सहमति नभएपछि थप उपद्रव मच्चिने आशङ्काले जिल्ला प्रशासन कार्यालय, रौतहटले दुईवटा वडामा कर्फ्यू आदेश जारी गरेको थियो।

दुईवटा वडामा कर्फ्यू जारी भएपछि स्थानीयले अन्यत्र वडामा यससम्बन्धी गतिविधिलाई बढावा दिएका कारण प्रशासनले आसपासका थप चारवटा वडामा कर्फ्यू आदेश जारी गरेको हो। वडा नं ६ र ७ को विवाद साम्य भएको छैन र अहिले त्यहाँ सरस्वतीपूजाको मूर्ति सेलाउने कार्य भएको छैन ।

## चार दशकपछि पोखरिया नगर विकास समितिले पूर्णता पाउँदै

धर्मेन्द्र चौरसिया, पोखरिया, ६ फागुन/

पोखरिया नगर विकास समिति


तस्वीरः फाइल

अन्तर्गत अधिग्रहणमा परेका जग्गाधनीहरूले यही फागुन ८ गते निस्सा प्रमाणपत्र पाउने भएका छन् ।

२०३८ सालमा पोखरिया नगर विकास समितिले काम शुरू गरेको र २०४२ सालमा ६६ बिघा जग्गा अधिग्रहण गरेर सरकारले समिति निर्माण गरेको थियो । तत्कालीन अवस्थामा केही व्यक्तिहरूले सहमतिमा सरकारलाई जग्गा दिएका थिए भने केही व्यक्तिले पछि जग्गा दिने गरी कागज गरेका थिए । केही व्यक्तिहरूको जग्गा सम्झौता गरी अधिग्रहण गरिएको थियो ।

अधिग्रहणमा परेका जग्गाहरूमा ७० प्रतिशत जग्गाधनीको र ३० प्रतिशत समितिको स्वामित्व हुने प्रावधानअनुरूप गत वर्षदेखि समिति अन्तर्गतका जग्गाको प्लटिङ गर्ने कार्य शुरू भएको थियो । नगरपालिकाले हरिनारायण मिश्रलाई सहजकर्ता नियुक्त गरेर यससम्बन्धी कार्य अगाडि बढाएको थियो। अहिले आठदेखि नौ धुरको प्लटिङ गरेर नक्शा तयार गरिएको छ र यसको स्वामित्व जग्गाधनीहरूलाई प्रदान गर्ने कार्य मङ्गलवार सम्पन्न हुने प्रमुख प्रशासकीय अधिकृत अजयकुमार श्रीवास्तवले बताए।

पोखरिया नगर विकास समिति २०३८ सालमा गठन भएपनि २०४२ सालदेखि जग्गा अधिग्रहण गरेर अस्तित्वमा आएको थियो तर ६६ बिघा जग्गा अधिग्रहण गरेर यो समिति करीब चार दशक निष्क्रिय रह्यो । वीरगंज नगर विकास समिति, श्रीसिया नगर विकास समिति र पोखरिया नगर विकास समिति एकैपटक गठन भएका थिए ।

वीरगंज नगर विकास समितिबाहेक दुईवटा समिति निष्क्रिय प्रायः थिए । गत वर्ष श्रीसिया नगर विकास समितिको जग्गा नापजाँच गरी प्लटिङ गर्ने कार्य शुरू भएपनि पछि विवाद भएर रोकिएको अवस्थामा छ भने अहिले पोखरिया नगर विकास समितिले चार दशकपछि पूर्णता पाएपछि काम अगाडि बढाएको छ ।

पोखरिया नगर विकास समितिले चार दशकदेखि जग्गा अधिग्रहण गरेको र त्यसलाई पूर्णता नदिएको भन्दै अधिग्रहणमा परेका जग्गाधनीहरूले पोखरियामा बेलाबखत प्रदर्शन गर्दै आएका थिए । नगरप्रमुखमा प्रद्युम्न चौहान जितेपछि उनले गत वर्षदेखि समितिको कामलाई सर्वपक्षीय बैठक गरेर अगाडि बढाएका हुन् । हार्डकपी नक्शा निकालेर सहजकर्ता बहाल गरी समितिको जग्गा नापजाँच गर्ने र सम्झौता अनुसार ७०:३० को भागीदारी गराउने गरी प्लटिङको काम गराएका थिए । अहिले प्लटिङको काम सम्पन्न भएपछि पुर्जा वितरण हुन थालेको हो ।

## तीन विधामा बिहारीलाल लाठ कर्मवीर सम्मान प्रदान




प्रस, वीरगंज, ६ फागुन/

रिलिफ सोसाइटी अफ कमर्सले संस्थापक महासचिव एवं पूर्वअध्यक्ष स्व बिहारीलाल लाठको स्मृतिमा स्थापित 'बिहारीलाल लाठ कर्मवीर सम्मान' उनको १२औं वार्षिक पुण्यतिथिको अवसरमा आइतवार तीन विधामा तीनजनालाई प्रदान गरेको छ ।

रिलिफले राधादेवी बृजलाल लाठ ट्रस्टको सहयोगमा स्थापना गरेको सो सम्मान कार्यक्रममा प्रमुख अतिथि डा रामअवतार खेतानले समाजसेवामा योगदान पुऱ्याएबापत फूलचन्द्र अग्रवाल, भोजपुरी साहित्यमा योगदान पुऱ्याएबापत ध्रुवसिंह ठकुरी र स्वास्थ्य क्षेत्रमा योगदान पुऱ्याएबापत बेला अग्रवाललाई सम्मानित गरेका थिए।

कार्यक्रममा १५ जना गरीब, असहाय महिलालाई रोजगारका लागि सिलाइ मेशीन प्रदान गरिएको थियो ।

रिलिफ सोसाइटी अफ कमर्सका अध्यक्ष योगेन्द्रप्रसाद यादवको अध्यक्षतामा भएको कार्यक्रममा नेपाल उद्योग वाणिज्य सङ्घका कार्यकारी सदस्य सुबोध गुप्ता, मधेस प्रदेश अध्यक्ष अशोक टेमानी, पूर्वअध्यक्ष गणेश लाठ, वीउवासङ्घका अध्यक्ष अनिल अग्रवाल, मधेस प्रदेशका पूर्वमन्त्री ओमप्रकाश शर्मा, रिलिफका पूर्वअध्यक्षद्वय नारायण रूँगटा र अशोक लाठलगायतको सहभागिता थियो ।

## जेठ ३ गते पूर्णखोप घोषणा हुने



प्रस, परवानीपुर, ६ फागुन/

पर्सा जिल्लालाई आगामी जेठ ३ गते पूर्णखोप जिल्ला घोषणा गर्ने निर्णय गरिएको छ । जिल्ला समन्वय समिति, पर्साले सो दिन जिल्ला पूर्णखोप घोषणा गर्ने निर्णय गरेको हो ।

स्वास्थ्य कार्यालय पर्साको सहयोग र स्वास्थ्य निर्देशनालय मधेस प्रदेशको आयोजनामा जिल्ला खोप समन्वय समिति पर्साका सरोकारवालाहरूको वीरगंजमा

(बाँकी अन्तिम पातामा)

## विचारसार र सूक्तिहरू

**अहङ्कारमा डुबेको मानिसलाई न आफ्नो कमजोरी थाहा हुन्छ, न अरूको गुण नै।**


| | | |
|---|---|---|
| प्रकाशक | : | प्रतीक प्रकाशन समूह प्रा. लि., वीरगंज-११ |
| प्रधान सम्पादक | : | जगदीशप्रसाद शर्मा |
| व्यवस्थापक/सम्पादक | : | विकाश शर्मा |
| सम्पादक | : | शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप) |
| समाचार सम्पादक | : | राजाप्रसाद कुर्मी (आरके) |
| बारा विशेष प्रतिनिधि | : | गम्भीरा सहनी |

मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)

त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५

email: eprateekdaily@gmail.com, prateekdainik@yahoo.com

Website: www.prateekdaily.com


# रगत अभाव र निदानको उपाय

**रक्तसञ्चार केन्द्र, वीरगंजमा अहिले रगत अभाव भएको छ। सामान्यतया चाडपर्व र अत्यधिक जाडो तथा गर्मीयाममा रगतको अभाव बर्सेनि हुन्छ। चाडपर्वमा मानिसहरू आआफ्नो काममा व्यस्त हुने र अत्यधिक जाडो र गर्मीमा मौसमको प्रतिकूलताले रक्तदान गर्न सक्दैनन्। यस वर्षको जाडोयाम अहिले तराईबाट बिदा लिने क्रममा छ। केही दिनअघि भने अत्यधिक जाडोका कारण नियमितरूपमा हुने रक्तदान कार्यक्रमहरू प्रभावित भएकाले अहिले केन्द्रमा सबै खाले रगतहरूको अभाव भएको छ। यद्यपि जाडोयाममा बिरामीहरूको सङ्ख्या घट्ने गर्छ। तर माग र आपूर्तिमा समायोजन नहुँदा चाडपर्व अनि जाडो र गर्मीमा प्रत्येक वर्ष रगतको अभाव हुँदै आएको छ। रक्तसञ्चार केन्द्रको वार्षिक क्यालेन्डर अनुसार रक्तदान कार्य हुँदै आए पनि कोरोनाकालदेखि रक्तदाताहरूको सहभागिता उत्साहजनक रूपमा हुन सकेको छैन। रगतको बढ्दो मागलाई थेग्नेसम्मको काम भएको छ तर यथावस्थामा धेरै दिन थेग्न भने गाह्रो छ। पर्सासहित बारा, रौतहट, सर्लाहीसम्म रक्तसञ्चार केन्द्र, वीरगंजबाटै रगतको आपूर्ति हुने गर्छ। नेपाल सरकारले नेपाल रेडक्रस सोसाइटीबाहेक वीरगंजमा नेशनल मेडिकल कलेजलाई आफ्नो छुट्टै रक्तसञ्चार केन्द्र सञ्चालनको इजाजत दिएको छ। नेशनल मेडिकल कलेजले सञ्चालन गरेको रक्तसञ्चार केन्द्र उसको आफ्नै अस्पतालको लागि अपुग छ। उसले अन्य अस्पताललाई सघाउने गरेको छैन। सट्टाभर्नाबाट रगतको आपूर्तिलाई कलेजले धान्ने प्रयास गरे पनि अत्यधिक मागको बखत त्यहाँका बिरामीहरूको भार पनि रक्तसञ्चार केन्द्र, वीरगंजले नै थेग्दै आएको छ।**

**वीरगंजमा साना–ठूला गरी अहिले सयको सङ्ख्यामा अस्पतालहरू छन् भने बढ्ने क्रम जारी छ। त्यस्तै, बाराका कलैया, जीतपुर, सिमरा, रौतहटका चन्द्रपुर, गरुडा, गौर र सर्लाहीका हरिवन, मलङ्गवा आदि ठाउँमा पनि अस्पतालका सङ्ख्यामा निरन्तर वृद्धि भइरहेको छ। त्यहाँ आवश्यक रगतको आपूर्ति पनि वीरगंजबाट हुने गरेको छ। यसका साथै छिमेकी भारतबाट पनि बिरामीहरू आउने र यहाँका अस्पतालमा भर्ना भएर रगत चढाएर उपचारका लागि भारत जाने गर्छन्। छिमेकी भारतका बिरामीहरूका कारण पनि रगतको खपत बढी भएको हो। केन्द्रमा अहिले मासिक साढे सात सय पिन्ट बढी रगतको माग छ। मेडिकल हब भनिने चितवनको तुलनामा वीरगंजमा रगतको माग न्यून छ। राजधानी काठमाडौंमा वार्षिक दुई लाख पिन्ट रगतको खपत छ भने भक्तपुरमा ३५ हजार र चितवनमा ३० हजार पिन्टको हाराहारीमा रगतको खपत छ।**

**वीरगंजमा रगतको अभाव हुन नदिनका लागि सरकारले जडान गरेको कम्पोनेन्ट मेशीन चालू छ। तर कम्पोनेन्ट मेशीनको बारेमा स्थानीय चिकित्सक कम जानकार भएकाले अहिलेसम्म यसको उद्देश्य अनुसार प्रयोग भने हुन सकेको छैन। प्लाज्मा, प्लेटलेट र प्याकसेल रगतको छुट्टाछुट्टै माग भएर सोअनुरूपको आपूर्ति हुने हो भने केही हदसम्म रगत अभाव टर्न सक्थ्यो। अहिले अधिकांश बिरामीमा होल रगत खपत हुँदै आएको छ। चिकित्सकहरूले कम्पोनेन्ट मेशीनको प्रयोग बढाउने कार्य गरेमा एउटै रगतबाट तीन थरीका रगत छुटयाएर बिरामीको आवश्यकता अनुसार रगतको आपूर्ति गर्न सकिन्थ्यो। तर यस्तो हुन नसकेको कारण पनि रक्तसञ्चार केन्द्र, वीरगंजले रगत अभावको समस्या झेल्नुपरेको छ।**

# ग्रामीण विकासमा महिला जनप्रतिनिधि

शिक्षा नेपाल



अनन्तकुमार लाल दास
anantlaldas@gmail.com

**कैयन आलोचनाका बावजूद महिला जनप्रतिनिधिको सङ्ख्यामा पनि वृद्धि भइरहेको छ। महिलाको प्रतिनिधित्वले विकास कार्यमा वृद्धि पनि देखिन्छ। यसर्थ त्रुटि, कमी वा आलोचनाको बावजूद महिला जनप्रतिनिधित्व जारी राख्नुपर्छ अनि मात्र ग्रामीण विकास सुनिश्चित हुन्छ।**

हिन्दू संस्कृतिमा महिलाको महत्त्वपूर्ण स्थान रहेको छ। यस कारण हिन्दू संस्कृतिमा भगवान् शिवलाई अर्द्धनारीश्वर पनि भनिन्छ। हिन्दू धर्मग्रन्थमा के भनिएको छ भने जहाँ नारीको पूजा हुन्छ त्यहाँ भगवान्को वास हुन्छ। यस पौराणिक गाथाले समग्र नेपाली समाजमा महिलाहरूलाई पुरुषसँगै समान अधिकार र सहभागिताको सङ्केत गर्दछ। श्रेष्ठ कार्य अर्थात् पूजा–अर्चनाको बेला महिलालाई पुरुषको दाहिनेतर्फ बसाउने परम्परा पछाडि पनि महलिाहरूलाई सबै काममा प्राथमिकता दिने विचार निहित रहेको छ। यस तथ्यले समग्र विकासमा महिलाहरूको अनिवार्य भागीदारीलाई बल प्रदान गरेको छ। एक अर्काको पूरक हुनुका साथै समाजमा महिला र पुरुषको महत्त्वपूर्ण सहभागिता रहेको छ। यस परिकल्पनामाथि विचार गर्दा ग्रामीण विकासमा महिला जनप्रतिनिधिहरूको सहभागिताको आवश्यकता महसूस गरिएको छ र सोही अनुरूप नेपालको संविधानमा पनि महिला सहभागिताको उल्लेख गरिएको छ।

भनिन्छ नेपालको आत्मा गाउँमा निवास गर्दछ। यस कारण नेपालको विकासका लागि गाउँको विकास हुनु अति आवश्यक छ। ग्रामीण विकासको परिधिमा शिक्षा, चिकित्सा, संस्कृति, सीप, सामुदायिक विकास, कृषि, सामाजिक सुधार, पशुपालन, उद्योग, व्यापार, रोजगारको विस्तार, शुद्ध खानेपानी, विद्युत्को सुविधा, सञ्चार व्यवस्थाको विस्तार आदि कुरा आउँछ।

महिला जनप्रतिनिधिको अर्थ सबै वर्ग र स्तरबाट प्रजातान्त्रिक तरीकाले निर्वाचित वा मनोनीत महिला जो पालिकाहरू, प्रदेश सभा वा सङ्घीय संसद्मा प्रमुख–उपप्रमुख, नगरप्रमुख–उपनगरप्रमुख, विधायक, सांसद वा मन्त्री आदिको हैसियतले कार्य गर्नको लागि अधिकृत हुन्छ।

महिलालाई जनप्रतिनिधिको स्थान दिनुको पछाडि के तर्क रहेको छ भने नेपालमा महिलाको जनसङ्ख्या पुरुषभन्दा बढी छ। यस कारण यति ठूलो जनशक्तिको लागि उनीहरूलाई जनप्रतिनिधि बनाउनु आवश्यक देखिन्छ। जनप्रतिनिधि बनेपछि सार्वजनिक स्थलमा उनीहरूको सहभागिता बढ्छ र भीडमा काम वा कुरा गर्ने डर समाप्त हुन्छ। उनीहरूमा आत्मनिर्भरताको विकास हुन्छ साथै आत्मबल पनि बढ्छ। महिलाहरू जनप्रतिनिधि भएपछि राजनीतिक र सामाजिक वातावरण सरल हुन्छ। एक आपसमा टकराव र अहम् तुष्टिको भावना विकसित हुँदैन। यसबाट विकास कार्यमा बाधा उत्पन्न हुँदैन र ग्रामीण विकासले तीव्र गति लिन्छ। तर सत्य के हो भने अहिले पनि महिलाहरू सामाजिक, आर्थिक, मनोवैज्ञानिक र राजनीतिक दृष्टिले पिछडिएका छन्। तसर्थ उनीहरूको उन्नतिको लागि उनीहरूलाई मूल धारमा ल्याएर बढीभन्दा बढी जिम्मेवारी दिनु आवश्यक छ।

पारम्परिकरूपले महिलाहरूलाई घरेलू गतिविधिमा प्रबन्धनको भूमिका सुम्पिएको हुनाले उनीहरूको प्रतिनिधित्व अन्य क्षेत्रमा थोरै रहन्छ। उनीहरूलाई रूढिवादी भूमिकाबाट बाहिर ल्याएर देश निर्माणको प्रक्रियामा भाग लिन प्रोत्साहित गर्नुपर्छ। अर्कोतिर राजनीति पनि अन्य क्षेत्रजस्तै प्रतिस्पर्धात्मक भएको कारण धेरैजसो नेताहरूमा के डर देखिन्छ भने बढी महिला उम्मेदवार भएपछि उनीहरूको सीट कम हुँदै जान्छ। यस्तो सोचले पनि महिलाहरूको सामाजिक गतिविधिलाई प्रभावित गर्छ। औपचारिक शिक्षाले नेतृत्वको अवसर र आवश्यक सीप प्रदान गर्छ। तर राजनीतिक समझको कमीले गर्दा उनीहरू आफ्नो मूल अधिकार र राजनीतिक अधिकारबाट अवगत छैनन्।

पारिवारिक हेरचाह र उत्तरदायित्वको असमान वितरणको परिणाम के हुन्छ भने महिलाहरू घर र बालबच्चाको हेरचाहमा पुरुषको तुलनामा धेरै समय व्यतीत गर्छन्। एउटी महिलालाई गर्भावस्था र प्रसवको बेला समय त दिनैपर्छ सँगसँगै यो त्यस बेलासम्म रहिरहन्छ जबसम्म बालबच्चा आमाबुवा माथि निर्भर रहन्छन्। त्यहीं राजनीतिक निर्णय निर्माण प्रक्रियामा पारदर्शिताको कमी र अलोकतान्त्रिक आन्तरिक प्रक्रियाहरूले नयाँ प्रवेशको लागि चुनौती पेश गर्दछ र खासगरी महिलाहरू यसबाट विशेष प्रभावित हुन्छन्, किनभने उनीहरूसँग राजनीतिक नेटवर्कको अभाव हुन्छ। त्यहीं अर्कोतिर महिलाहरूलाई निर्वाचनमा भाग लिन राजनीतिक दलहरूबाट पर्याप्त वित्तीय सहायता प्राप्त हुँदैन। उनीहरूले आफूमाथि थोपरिएको निर्देश स्वीकार गर्नुपर्ने हुन्छ र समाजको बोझ पनि वहन गर्नुपर्ने हुन्छ। यसरी हेर्दा राजनीतिक दलहरूको माहौल पनि महिला अनुकुल देखिंदैन। दलमा ठाउँ ओगट्नका लागि महिलाहरूलाई कठिन सङ्घर्षका साथै बहुआयामिक समस्या सामना गर्नुपर्ने हुन्छ।

महिलाहरू स्वयं पनि कैयन दृष्टिकोणले पिछडिएका र लजालु हुन्छन्। यस कारण विकाससम्बन्धी जागरुकताका सम्बन्धमा उनीहरूलाई शङ्काको दृष्टिले हेरिन्छ। ग्रामीण विकासका लागि विकास योजना बनाउनु, कार्यस्थलको भ्रमण र अवलोकन गर्नु, भ्रष्ट अधिकारी र कर्मचारीहरूसँग काम लिनु तथा विकास कार्यको प्राविधिक जानकारी राख्नु आदि महिलाहरूको लागि उचित र योग्य कार्य मानिंदैन। राजनीति एवं विकाससम्बन्धी जिम्मेवारी लिएपछि उनीहरूको मूल जिम्मेवारी–सन्तानको हेरचाह, पालनपोषण र पारिवारिक दायित्व आदिमा अवरोध उत्पन्न हुने धारण समाजमा बलियोगरी स्थापित छ।

देशमा महिलाहरूको सङ्ख्या बढी भए पनि देश विकासमा उनीहरूलाई भागीदारीको उचित अवसर हासिल छैन। यस विशाल जनशक्तिको भागीदारीबेगर विकासको कल्पना गर्न सकिंदैन। यस अर्थमा ग्रामीण विकासमा महिलाहरूको भागीदारीलाई महत्त्वपूर्ण मानिएको छ। महिला जनप्रतिनिधिको भागीदारीले ग्रामीण क्षेत्रमा मौलिक विकासका नयाँ–नयाँ सम्भावना देखा परेको छ। महिला जनप्रतिनिधि भएपछि उनीहरू महिलाहरूको समस्या राम्ररी बुझ्छन्। यस कारण विकास सजिलो हुन्छ। उदाहरणका लागि खानेपानी स्रोतको विकास, प्रसूति सुविधा, महिला शिक्षा, बाल विकास, मनोरञ्जन आदि कार्यमा विशेष रुचिसहित यस्ता क्षेत्रको सम्पूर्ण विकास हुन्छ। यस्ता विकास कार्य आज ग्रामीण क्षेत्रमा नितान्त आवश्यक देखिएको छ।

जनप्रतिनिधिको रूपमा महिलाहरू निर्वाचित भएपछि ग्रामीण क्षेत्रको सामाजिक वातावरणको पनि उन्नति हुन्छ। यसबाहेक महिलाहरूको मनोबलमा वृद्धि, महिला शिक्षा, महिला स्वास्थ्य, महिला प्रतिष्ठा आदिमा पनि वृद्धि हुन्छ। उनीहरूलाई जनप्रतिनिधिको रूपमा छनोट गर्दा पर्दा प्रथा, हक्कीपन र सही निर्णय लिने क्षमताको विकास हुन्छ। पुरुष प्रतिनिधि प्रायः निजी शत्रुता, ईर्ष्या र प्रतिष्ठालाई लिएर एक अर्कालाई तल पार्ने प्रश्नमा अल्झिरहन्छन् जसले गर्दा उनीहरूको रचनात्मकता शून्य हुन्छ तर महिलाहरू जनप्रतिनिधि भएपछि यस्तो खाले प्रतिस्पर्धा हुँदैन। महिलारू प्रायः भ्रष्टाचारबाट टाढै बस्छन्। परिणामस्वरूप विकास कार्यको सारा पैसा विकास कार्यमैं खर्च हुनाले विकासमा वृद्धि हुन्छ।

नेपालको वर्तमान संविधानले मूलधारको राजनीतिक गतिविधिमा समाजको हरेक वर्गको भागीदारीलाई सुनिश्चित गरेको छ। आउने दिनहरूमा यसलाई बढाउनको लागि सरकारले आवश्यक कदम चाल्नुपर्ने देखिन्छ। वास्तविक अर्थमा लोकतान्त्रिक दलहरूले निर्वाचन प्रक्रियामा प्रमुख पदहरूमा महिला सदस्यहरूलाई अवसर दिनुपर्छ। साथै समाजले महिलाहरूलाई घरमा मात्र सीमित राख्ने रूढिवादितालाई खण्डित गर्नुपर्छ।

हुनत महिला जनप्रतिनिधिको आलोचना घरकै पुरुष सदस्यहरूले गर्छन्, अनि सहभागितामा कमी भएर गाउँको विकासले त्यसरूपमा पूर्णता पाउन सक्दैन, जसको आज हामीलाई आवश्यकता छ। तर सत्य के हो भने ग्रामीण विकासमा महिला जनप्रतिनिधिको भूमिका महत्त्वपूर्ण हुन्छ। कैयन आलोचनाका बावजूद महिला जनप्रतिनिधिको सङ्ख्यामा पनि वृद्धि भइरहेको छ। महिलाहरूको प्रतिनिधित्वले विकास कार्यमा वृद्धि पनि भएको देखिन्छ। यसर्थ कुनै त्रुटि, कमी वा आलोचनाको बावजूद महिला जनप्रतिनिधित्व जारी राख्नुपर्छ अनि मात्र सही अर्थमा ग्रामीण विकासलाई सुनिश्चित गर्न सकिन्छ। अन्त्यमा के भन्न सकिन्छ भने "जब भी सब्र का बाँध टूटे तो सब पर भारी नारी/फूल जैसी कोमल नारी, काँटो जितनी कठोर नारी" अर्थात् महिलाहरूले अवसर पाएपछि हाम्रो गतिहीन राजनीतिमा नयाँ ऊर्जा थप्न सक्छन् र यसलाई शिक्षा, स्वास्थ्य, पोषण र रोजगारजस्ता आधारभूत आवश्यकता वितरणमा नयाँ दिशा प्रदान गर्न सक्छन्।

# हाय रे लसुन !

मन्तव्य



कुमारबन्धु रुपाखेती

**सुन र लसुन अहिले उस्तैउस्तै भएका छन्। दाम बढेपछि घट्ने नाम लिंदैनन्। केही कृषिविज्ञका अनुसार चाइनिज ठूलो दाना भएको लसुन स्वास्थ्यको लागि हानिकारक छ रे! भनिन्छ, सेतो र गुलाबी रङमा पाइने चाइनिज लसुनमा ढलको पानी प्रयोग गरिन्छ।**

केही समयअघि चिनी र प्याजको बढ्दो दररेटले कायल भएको नेपाली जनतालाई अहिले लसुनको बढ्दो मूल्यले हायलकायल बनाएको छ। औषधीय गुण भएको, सबै तरकारीलाई स्वादिष्ट बनाउने गुण भएको तथा सस्तोसमेत भएकोले लसुन नेपाली भान्साघरमा विराजमान रहन्थ्यो तर अहिले दिनदिनै लसुनको मूल्य दोब्बर–तेब्बर बढ्नाले लसुन एकाएक हाम्रो भान्साबाट छुमन्तर भएको छ। लसुन प्रायः सबै तरकारीमा हालिन्छ, झन् माछामासुमा त अलि बढी नै प्रयोग गरिन्छ। शाकाहारी र कट्टर सनातनी धर्मावलम्बी र स्वयम् पाकाहरूको भान्सामा मात्र लसुन, प्याज वर्जित हुन्छन्। अचेल आकाशिंदो लसुनको मूल्यले विगतको महँगो चिनी र प्याजलाई समेत मात दिएको छ। अहिले सुन्तला, अङ्गुर, अनार, स्याउ, च्याउभन्दा लसुन महँगो भएको छ। गत वर्ष यही सिजनमा रु ८० प्रतिकिलो उपलब्ध लसुन अहिले किलोको ५०० सम्म पुगेको छ। ओरालो लाग्नुको सट्टा दिनानुदिन लसुनको मूल्य बढ्नाले यसको बिक्रीसमेत घटेको विक्रेताहरू बताउँछन्। अहिले लसुन पाक्ने मौसम भएपनि यसको मूल्य घट्ने देखिंदैन। अचेल त झन् झार, हरियो पातसहितको लसुन उखेलेर बिक्री वितरण गर्नाले पनि सुकेको लसुनको कमी भएको बुझिन्छ। घरायसी प्रयोगबाहेक नेपालमा व्यावसायिकरूपमा लसुनको खेती भएको पाइँदैन। सरकारी स्तरबाट समेत लसुनको खेती किसानीमा सहयोग गरेको देखिंदैन। त्यसैले नेपाली उपभोक्ताहरू भारतीय लसुनमा भर पर्नुपर्ने अवस्था छ। भारतको मध्यप्रदेशलाई लसुनको खानी भनिन्छ। भारतभरि तथा नेपालमा समेत लसुन मध्य प्रदेशबाट आउँछ। तर केही वर्षदेखि लसुनको मूल्यमा गिरावट आउन थालेकोले मध्य प्रदेशका किसानहरूले लसुनको सट्टा अन्य बाली रोप्न थाले। भनिन्छ, गत वर्ष त्यहाँका किसानहरूले मात्र रु २५ मा मण्डी (थोक) बजारमा लसुन बिक्री वितरण गर्नुपरेको थियो, जसको असर अहिले हामी भोग्दैछौं। भारतकै कतिपय स्थानहरूमा अचेल भारु ४०० प्रतिकिलो लसुन बिक्न थालेको भयावह अवस्था छ। तर लसुनको कारोबारमा गिरावट आउँदासमेत यसको मूल्यमा गिरावट नआउनु रहस्यमय देखिन्छ। अचेल बजारमा सानो पोटी (कली) भएको देहाती लसुन लुप्त भएको छ। बजारमा त ठूलो कली भएको, देख्दै रहरलाग्दो, बोक्रा छोडाउन सजिलो ठूलो लसुन उपलब्ध छ। उपभोक्ताहरूका अनुसार सानो देहाती लसुन प्रभावकारी र स्वादिष्ट हुन्छ भने यसको तुलनामा अचेल बजारमा पाइने ठूलो लसुनको स्वाद फिक्का हुन्छ रे! बजारमा अहिले उपलब्ध ठूलो लसुन चाइनिज लसुन हो। भारतीय लसुन बजारबाट गायब भएपछि छ्यापछ्याप्ती चाइनिज लसुन उपस्थित छ। चाइनिज लसुन ठूलो, सेतो र हल्का गुलाबी देखिन्छ। अहिले नेपालबाट चाइनिज लसुन कालोबजारी भएर भारत पुग्दैछ। ठूलो दाना भएको यो चाइनिज लसुन भारतीय रैथानेभन्दा सस्तो पाइनाले समेत यसको कालोबजारी धडल्ले भइरहेको छ।

सुन र लसुन अहिले उस्तैउस्तै भएका छन्। दाम बढेपछि घट्ने नाम लिंदैनन्। केही कृषिविज्ञका अनुसार चाइनिज ठूलो दाना भएको लसुन स्वास्थ्यको लागि हानिकारक छ रे! भनिन्छ, सेतो र गुलाबी रङमा पाइने चाइनिज लसुनमा ढलको पानी प्रयोग गरिन्छ। जसले गर्दा यसको फसल छिटो तयार हुन्छ रे! भनिन्छ, ढलको पानी स्वास्थ्यको लागि वर्जित छ रे! तर अरूमा आश्रित हाम्रो अवस्था 'बाहुनले च्याउ खाए पो स्वाद पाउँछ' भनेजस्तै छ। कुन पो तरकारीमा अहिले विषाक्त रासायनिक मल प्रयोग हुँदैन र? आर्गानिक उब्जनी भन्दै झुक्याएर लुट्नेहरू पनि बजारमा सक्रिय छन्। 'महँगाई मार गई' भनेको यही हो। हेरौं, लसुन पुराण कतिन्जेल चल्छ?

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस्। रिलिफ भवन फोन ९८४५११९४४८

# आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व पहिलो संशोधन अध्यादेश स्वीकृत

काठमाडौं, ६ फागुन/रासस

प्रतिनिधिसभाको आइतवारको बैठकले आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व (पहिलो संशोधन) अध्यादेश, २०८० बहुमतले स्वीकृत गरेको छ । अर्थमन्त्री डा प्रकाशशरण महतले उक्त अध्यादेश स्वीकृत गरियोस् भन्ने प्रस्ताव आजको बैठकमा राखेका थिए ।



आजको बैठकमा प्रतिनिधिसभा सदस्य प्रेम सुवालले आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व (पहिलो संशोधन) अध्यादेश, २०८० लाई अस्वीकार गरियोस् भनी राखेको प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गरिएको थियो । सांसद सुवालको उक्त प्रस्ताव भने बहुमतले अस्वीकृत भएको छ ।

राष्ट्रपति रामचन्द्र पौडेलले गत माघ ४ गते आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व (पहिलो संशोधन) अध्यादेश, २०८० जारी गरेका थिए । अध्यादेशमार्फत ऐन संशोधन गर्दै बजेट क्यालेन्डरसम्बन्धी नयाँ व्यवस्था ल्याइएको थियो । जस अनुसार सरकारलाई बजेटका सिद्धान्त तथा प्राथमिकता फागुन १५ गतेभित्रै संसद्मा पेश गर्न बाटो खुलेको थियो । अध्यादेशमार्फत बजेटको सीमा (सिलिङ) तोक्ने साबिकको समयसीमामा पनि संशोधन गरिएको थियो ।

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ ऐनको दफा ११ (१) मा प्रत्येक आर्थिक वर्षका लागि विनियोजन विधेयक पेश गर्नुभन्दा कम्तीमा १५ दिनअगावै अर्थमन्त्रीले विनियोजन विधेयकमा समावेश हुने सरकारका बजेट तथा कार्यक्रमका सिद्धान्त र आयोजना वा कार्यक्रमको प्राथमिकताको विवरण सङ्घीय संसद्मा प्रस्तुत गरिसक्नुपर्ने व्यवस्था रहेको थियो। यो व्यवस्थालाई अध्यादेशबाट संशोधन गरी 'विनियोजन विधेयक ल्याइनुभन्दा तीन महीनाअगावै बजेटका सिद्धान्त र प्राथमिकतामा संसद्मा पेश गरिनुपर्ने' व्यवस्था ल्याइएको हो। सङ्घीय सरकारले विनियोजन विधेयक जेठ १५ गते संसद्मा पेश गर्नुपर्ने कानूनी व्यवस्था छ ।

त्यस्तै, बजेट तथा कार्यक्रमका सिद्धान्त र प्राथमिकतामाथि संसद्मा छलफल भएर एक महीनाभित्र सरकारलाई सुझाव जानेछ । यसअघि बजेटका सिद्धान्त तथा प्राथमिकता संसद्मा प्रस्तुत भएको सात दिनभित्र सांसदहरूले सुझाव सरकारलाई दिइसक्नुपर्ने व्यवस्था रहेको थियो ।

चालू आर्थिक वर्ष २०८०/८१ को वार्षिक बजेटको बुँदा नं २९ मा आगामी आर्थिक वर्षदेखि मन्त्रालयगत बजेट सीमा निर्धारण भएपश्चात् फागुन मसान्तभित्र विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकता सङ्घीय संसद्मा पेश गर्ने व्यवस्था मिलाइने उल्लेख छ। बजेटको यही व्यवस्था कार्यान्वयनका लागि अध्यादेश ल्याइएको थियो । संसद्बाट पारित भएसँगै अध्यादेश ऐनका रूपमा लागू हुनेछ ।

अध्यादेशमार्फत आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐनको दफा ७ मा संशोधन प्रस्ताव गरिएको थियो। ऐनको उक्त दफामा स्रोतको अनुमान र खर्चको सीमा निर्धारण गर्ने (सिलिङ) सम्बन्धी व्यवस्था रहेको छ। दफा ७ (१)मा योजना आयोगले अर्थ मन्त्रालयसँगको समन्वयमा मध्यमकालीन खर्च संरचना तथा आगामी आर्थिक वर्षको बजेट र कार्यक्रम तर्जुमा गर्ने प्रयोजनका लागि आगामी तीन वर्षमा उपलब्ध हुने स्रोत तथा गर्न सकिने खर्चको सीमाको पूर्वानुमान चालू आर्थिक वर्षको माघ १५ गतेभित्र गरिसक्नुपर्नेछ भनी व्यवस्था रहेको छ । अध्यादेशमार्फत उक्त व्यवस्थालाई संशोधन गरी माघ मसान्तसम्म गरिसक्नुपर्ने बनाइएको छ।

त्यस्तै, ऐनको दफा ८ (१) मा संशोधन भएको छ। उक्त दफामा योजना आयोगले स्रोत अनुमान समितिबाट निर्धारित स्रोत तथा खर्चको सीमाको अधीनमा रही आगामी तीन वर्षको बजेट तर्जुमाका लागि बजेट सीमा, मध्यमकालीन खर्च संरचनाको खाकासमेत उल्लेख गरी बजेट तर्जुमासम्बन्धी मार्गदर्शन तथा ढाँचा चालू आर्थिक वर्षको माघ मसान्तभित्र सम्बन्धित मन्त्रालय, आयोग, सचिवालय वा निकायमा पठाइसक्नुपर्नेछ भनी व्यवस्था गरिएको थियो । अध्यादेशमार्फत यो व्यवस्थामा संशोधन गरी स्रोत समितिले बजेट सिलिङ र मध्यमकालीन खर्च संरचनासम्बन्धी विवरण फागुन ७ गतेभित्र सम्बन्धित मन्त्रालयमा पठाइसक्न भनिएको छ ।

त्यसैगरी, आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐनको दफा ६५ मा उल्लिखित नियम, कार्यविधि वा निर्देशिका बनाउने अधिकारमा संशोधन गरिएको छ। दफा ६५ (२)मा महालेखा नियन्त्रक कार्यालयले प्राविधिक मार्गदर्शन, कार्यविधि निर्देशिका तथा दिग्दर्शन बनाउन सक्नेछ भनी व्यवस्था रहेकामा त्यसलाई संशोधन गरी अर्थ मन्त्रालय र महालेखा नियन्त्रक कार्यालयले उक्त काम गर्नुपर्ने व्यवस्था ल्याइएको छ ।



रौतहटको गरुडामा सरकारी कर्मचारीले ट्राफिक नियमको उल्लङ्घन गर्दै । तस्वीरः नितेश कर्ण

# नेप्से परिसूचकमा उच्च अङ्कको गिरावट

काठमाडौं, ६ फागुन/रासस

धितोपत्र बजारमा शेयर कारोबार मापक नेप्से परिसूचक आइतवार पनि उच्च अङ्कले ओरालो लागेको छ। नेपाल स्टक एक्सचेन्जका अनुसार परिसूचक २७ दशमलव २१ अङ्कले ओरालो लागेर दुई हजार ३४ दशमलव ८२ मा सीमित भएको हो ।

ठूला कम्पनीका शेयर कारोबार मापन गर्ने सेन्सेटिभ परिसूचक तीन दशमलव ३५ अङ्कले ओरालो लागेर ३६५ दशमलव २० मा सीमित भएको हो । कारोबार भएका कुल १३ उपसमूहको शेयर मूल्यमा गिरावट भएको छ। कुल एक करोड सात लाख ७२ हजार ४८३ कित्ता शेयर रु तीन अर्ब ७७ करोड ५४ लाख २२ हजार १९६ मूल्यमा कारोबार भयो ।

कारोबारका आधारमा हिमालयन रिइन्स्योरेन्स शीर्ष स्थानमा छ । सो कम्पनीको रु ४० करोड ९० लाख

(बाँकी पाँचौं पातामा)

# मधुमेहबारे व्याप्त भ्रम चिर्न आवश्यक छ -डा भट्टराई

काठमाडौं, ६ फागुन/रासस

मधुमेह तथा हार्मोन रोग विशेषज्ञ डा ज्योति भट्टराईले मधुमेहको जोखिमबाट बच्न स्वस्थ्य एवं सन्तुलित भोजन, शारीरिक व्यायाम, तनावमुक्त जीवनशैली र नियमित स्वास्थ्य परीक्षण गर्न सुझाव दिएकी छन् ।

राष्ट्रिय समाचार समिति (रासस)को ६३औं वार्षिकोत्सवको सन्दर्भमा आइतवार आयोजित अन्तर्क्रिया कार्यक्रममा डा भट्टराईले मधुमेहबारे समाजमा व्याप्त भ्रम रहेको भन्दै उक्त भ्रम चिर्न आवश्यक रहेको बताइन्। मधुमेह भएकाले सन्तुलित खानपानमा विशेष ध्यान दिनुपर्नेमा उनले जोड दिइन् ।

पछिल्लो समय मधुमेहका बिरामीको सङ्ख्यासँगै यसको जोखिम पनि बढ्दै गइरहेकाबारे सचेत गराउँदै डा भट्टराईले मधुमेहका बिरामीले चिकित्सकको सल्लाहबमोजिम मात्र खानपान र औषधिको प्रयोग गर्न सुझाव दिइन् ।

"मधुमेह रोगबारे हाम्रो समाजमा धेरै भ्रम र अन्योलता छ । हरियो घाँसमा खाली खुट्टा हिंड्नुपर्छ भन्ने कुरा बिरामीले सुनाउनुहुन्छ । यस्ता बिरामीले स्पोर्ट्स जुत्ता लगाउन उपयुक्त हुन्छ । धेरै कस्सिएको र असहज हुने जुत्ता नलगाउने, खुट्टाको नियमित सरसफाइमा ध्यान दिनुपर्छ," उनले भनिन्, "सुगर फ्री (चिनीरहित) भनिएका चामल, बिस्कुट वा कुनै पनि परिकारले मधुमेह निको हुँदैन। यस्ता विज्ञापनका आधारमा खाना उपभोग गर्नुहुँदैन । यसले फाइदा कम बेफाइदा बढी हुन्छन् ।"

डा भट्टराईले बजारमा पाइने सुगर फ्री भनिएका खाद्यान्न खानुभन्दा गाउँघरमा उत्पादित अन्न खानु स्वास्थ्यका लागि स्वस्थकर हुने बताउँदै सरकारले किसानलाई प्राङ्गारिक उत्पादन गर्न प्रोत्साहन हुने किसिमका नीति बनाउनुपर्नेमा जोड दिइन् । "मकै, भटमास, गेडागुडी, साग, रेसादार फलफूल सेवन गर्नुपर्छ," उनले भनिन्, "मदिरा, बजारमा पाइने पेय पदार्थ, चुरोटलगायत हानिकारक वस्तुको प्रयोग नगर्ने हो भने पनि मधुमेहको जोखिमबाट बच्न सकिन्छ ।"

डा भट्टराईले मधुमेह वंशाणुगत र वातावरण गरी दुई कारणले हुने उल्लेख गर्दै स्वस्थ जीवनशैली अपनाउँदा यसको नियन्त्रण गर्न सकिने बताइन् । उनले उच्च मधुमेहले टाउकोदेखि खुट्टासम्मका विभिन्न भागमा असर पार्ने बताइन् । "मुख्यतः मधुमेहका कारण अन्धोपन, मिर्गौलामा समस्या, मुटुरोग, खुट्टा, घुँडा र पैतलामा समस्या हुने गर्छ," उनले भनिन् ।

मधुमेहका बिरामीमा थकाइ, आलस्य, पिसाब धेरै लाग्ने, तौल घट्ने, खुट्टा पोल्ने, मुख सुक्खा हुने, कमजोरी र घाउ छिटो निको नहुने लक्षण देखिने डा भट्टराईले जानकारी दिइन्। समयमा नै यो रोग नियन्त्रण गर्न सके सक्रिय जीवनशैली अपनाउन सकिने उनले बताइन्। झन्डै ५० प्रतिशत बिरामीमा यसको लक्षण नदेखिने उनको भनाइ थियो।

मधुमेह तथा हार्मोन रोग विशेषज्ञ डा भट्टराईले मोटो मानिसलाई मात्र मधुमेह हुन्छ भन्ने आम बुझाइ रहेको भन्दै दुब्लो व्यक्तिमा पनि समस्या हुन सक्ने भएकाले सबैले नियमित स्वास्थ्य परीक्षण गर्नुपर्ने बताइन्। "मधुमेह जुनसुकै व्यक्तिलाई हुन सक्छ। नियमित परीक्षण गराउनु, सन्तुलित खाना खानु, तनावमुक्त जीवनशैलीसँगै नियमित व्यायाम गर्नु नै यसको प्रभावकारी उपचार विधि हो,"

(बाँकी पाँचौं पातामा)

# बर्दिबासमा सडक खाना महोत्सव

महोत्तरी, ६ फागुन/रासस

आफ्नो ठाउँको परिचय विस्तार र स्थानीय परिकारबारे चासो बढाउन महोत्तरीका होटल तथा पर्यटन व्यवसायीले सडक खाना महोत्सव-२०८० आयोजना गरेका छन्। होटल तथा पर्यटन व्यवसायी सङ्घ, महोत्तरीको आयोजनामा तीन दिने सडक खाना महोत्सव शुरू भएको हो । बर्दिबास नगरपालिकाका प्रमुख प्रह्लादकुमार क्षेत्रीले महोत्सवको उद्घाटन गरेका थिए ।

पूर्व-पश्चिम राजमार्ग र बिपी राजमार्गको सङ्गमदेखि बिपी राजमार्गतिर पाँच सय मिटर सडक दूरीमा महोत्सव आयोजना गरिएको छ। विभिन्न थरीका परिकारका स्वाद एकै ठाउँमा दिन महोत्सव आयोजना गरिएको होटल तथा पर्यटन व्यवसायी सङ्घ, महोत्तरीले जनाएको छ ।

पूर्व-पश्चिम राजमार्ग र अत्यन्त चल्तीको बिपी राजमार्ग (बर्दिबास-सिन्धुली-बनेपामार्ग)को सङ्गममैं शुरू गरिएको महोत्सवले बर्दिबासको परिचय विस्तार, यहाँको पर्यटन पूर्वाधारबारे चासो र स्थानीय रैथाने परिकारबारे अभिरुचि बढाउन सहयोग पुग्ने आयोजक संस्थाको अपेक्षा छ ।



"मुख्य कुरा हाम्रा स्थानीय सम्भावनाबारे आम चासो बढाउने हो, चुरेकाछ अवस्थित बर्दिबास नगर क्षेत्रभित्रका पर्यटकीय सम्भावनाका क्षेत्रबारे खोजबिन गर्न महोत्सवले सघाउ पुऱ्याउने हाम्रो विश्वास छ," सङ्घका अध्यक्ष गुञ्जबहादुर कार्की भन्छन्, "महोत्सवमा हामीले पस्कने परिकार, तिनको मौलिक स्वाद र हाम्रो सेवाले खानपिन र बसोबासका लागि बर्दिबास उपयुक्त ठाउँ हो भन्ने सन्देश दिन सके हाम्रो अभीष्ट पूरा हुन्छ ।"

महोत्सवमा सिद्रा, घोडी, माछाको सुकुटी, सिस्नु, टिम्बुर, गुन्द्रुक, तामा, गेडागुडीलगायतका स्थानीय परिकार, छेनाको जिलेबी, विभिन्न मिष्टान्न परिकार, नेवारी खाजा सेट र अन्य मुलुकका लोकप्रिय परिकारका स्टल राखिएका छन् । सोमवारसम्म चल्ने महोत्सवमा व्यवसायी मात्र नभएर निर्मल लामा बहुप्राविधिक शिक्षालय बर्दिबास-११ खयरमाराका होटल म्यानेजमेन्ट तथा फूड एन्ड डेरी विषयका विद्यार्थी, नाथम बर्दिबास (नेपाल पर्यटन तथा होटल व्यवस्थापन प्रतिष्ठान, बर्दिबास) र माध्यमिक विद्यालय बर्दिबास-८ हाथीलेटका होटल व्यवस्थापन विषयका छात्रछात्राले छुट्टाछुट्टै कक्ष सञ्चालन गर्दै महोत्सव अवलोकनकर्तालाई नयाँ स्वाद चखाइरहेका छन्। महोत्सवमा ५० कक्ष छन्। प्रत्येक कक्षले भिन्नभिन्न परिकार तयार गर्ने हुँदा कक्षापिच्छे अवलोकनकर्ताले भिन्न परिकार हेर्ने र चाख्ने अवसर पाएका छन्। महोत्सवमा आन्तरिक र बाह्य पर्यटकले मधेसको पहिचान, स्वाद र न्यानो स्वागतको अनुभूति लिएको सङ्घका महासचिव नारायण घिमिरे बताउँछन् ।

केही दिन पहिलेदेखि नै बर्दिबास उद्योग वाणिज्य सङ्घ, होटल तथा पर्यटन व्यवसायी सङ्घ र बर्दिबास नगर पत्रकार सञ्जालले बर्दिबासका पर्यटन गन्तव्य पहिल्याउने जनाउँदै पदयात्रा शुरू गरेका छन् । यो महोत्सवले पनि पदयात्राको उद्देश्यमा सघाउ पुऱ्याउने अपेक्षा गरिएको छ। यस महोत्सवमा पाहुनाले २० देखि ४० प्रतिशत छुटमा परिकारको स्वाद लिएसँगै विशिष्ट सांस्कृतिक कार्यक्रमको पनि मज्जा लिंदैछन् । महोत्सवको आयोजनामा बर्दिबास नगर कार्यपालिकाको कार्यालयको साथ सहयोग प्राप्त भएको आयोजकले जनाएको छ । करीब रु १५ लाखको लागतमा शुरू गरिएको महोत्सव ५० हजार मानिसले अवलोकन गर्ने आयोजक संस्थाको लक्ष्य छ । सङ्घले तीन दिन बर्दिबासमैं बसेर महोत्सवको आनन्द लिन सबैमा सार्वजनिक अपील नै गरेको छ ।



**आहारको खोजीमा चखेवाः** शुक्लाफाँटा राष्ट्रिय निकुञ्जनजीक भएर बग्ने स्याली नदी किनारमा आहाराको खोजीमा रहेका चखेवा चरा । हिउँदका बेला मात्रै यहाँका नदी तलाउमा देखा पर्ने यस चरालाई अङ्ग्रेजीमा 'रडी सेल्डक' भन्ने गरिन्छ । जलवायु परिवर्तनका कारण नदी तलाउमा पानी घट्दै जान थालेपछि आहाराको कमीले बर्सेनि यी चराको सङ्ख्या घट्दै जान थालेको छ । तस्बिरः राजेन्द्रप्रसाद पनेरु/रासस

# नागरिक अधिकार बहालीको जगको ढुङ्गा फागुन ७

विचार



धर्मेन्द्र झा

**पछिल्लो दिनमा परिवर्तन र नागरिक अधिकार संस्थागत भएको देख्न नचाहने तत्त्व र समूहबाट प्रेस र नागरिक समाजमाथि आक्रमण भइरहेको छ भन्नु अन्यथा नहोला । यसको अर्थ हो, समग्रमा लोकतन्त्रमाथि नै आक्रमण गर्ने र आघात पुऱ्याउने जमातको आकार वृद्धि भइरहेको छ ।**

देश अहिले ७४औं प्रजातन्त्र दिवसको उत्सवमय उत्साहमा छ । फागुन ७ का दिन ७४ वर्ष पहिले नेपालीहरू रैतीबाट वास्तविक अर्थमा जनता बनेका हुन् । आजैका दिन नेपालले एकतन्त्रीय जहानियाँ शासनबाट मुक्ति प्राप्त गरेर प्रजातान्त्रिक शासनको बाटोमा अग्रसर हुने अवसर प्राप्त गरेको हो । देशमा हालसम्म जनताका अधिकार सुनिश्चितताका सन्दर्भमा जे जति आन्दोलन र क्रान्ति भए ती सबैको जग वास्तवमा २००७ फागुन ७ मा प्राप्त प्रजातन्त्र नै हो ।

भनिन्छ, प्रजातन्त्र वा लोकतन्त्रको सर्वोत्तम विकल्प प्रजातन्त्र वा लोकतन्त्र नै हो । विश्वमा यही मात्र यस्तो शासनशैली हो, जसले आफूमा रहेको कमजोरी स्वीकार गर्छ र जनतालाई अधिकारसम्पन्न बनाउन तथा देशमा विकासको खाका कोर्न आफूलाई सच्याउँछ र आवश्यक परिवर्तन गर्छ । नेपालको राजनीतिक विकासक्रमको लेखाजोखा गर्ने हो भने २००७ सालमा स्थापित प्रजातन्त्र राष्ट्रनिर्माणका सन्दर्भमा महत्त्वपूर्ण प्रस्थानबिन्दु भएको कुरामा दुई मत हुन सक्दैन । २००७ साल राजनीतिको यस्तो बिन्दु हो, जहाँबाट नेपाल वास्तविक अर्थमा देश बन्ने प्रक्रियाको प्रारम्भ भयो । शासनका संरचनाहरू बन्न थाले । देशमा पहिलोपटक कार्यपालिका, व्यवस्थापिका र न्यायपालिका गठनको औपचारिक प्रक्रिया शुरू भयो । कानूनी शासनको जग बसाउने कार्य थालियो । भौतिक पूर्वाधार निर्माणको आवश्यकता बोध हुन थाल्यो । शिक्षा र स्वास्थ्य पनि देशका लागि आवश्यक विषय हुन् भन्ने बोध गरियो । जनताका अधिकार र पहिचानका विषयले स्वर प्राप्त गर्ने अवस्थाको निर्माणका पक्षमा जोड दिन थालियो । यो यही वर्ष हो, जहिले जनताद्वारा नै संविधान निर्माण हुनुपर्छ भन्ने आवश्यकता बोध गर्दै संविधानसभाको औचित्यबारे पनि बहस प्रारम्भ भयो ।

विसं २००७ को सेरोफेरो बुझेका नेपाली नागरिकका हकमा त प्रजातन्त्र दिवसको महत्त्वबारेको बुझाइमा समस्या छैन तर नेपालको पछिल्लो पुस्ताको बुझाइमा भने एकरूपता कायम हुनु जरुरी छ । आजको नेपाली राजनीतिको सम्पूर्ण उपलब्धिको स्रोत २००७ सालको फागुन ७ गते हो भनेर वर्तमान पुस्ताको बुझाइमा एकरूपता विकसित गरिनु अपरिहार्य छ । समयक्रमसँगै नेपालमा प्रजातन्त्रलाई लोकतन्त्र भन्न थालियो । २०६२/६३ को जनआन्दोलनपछि राजतन्त्रको समाप्तिसँगै अर्थात् गणतन्त्रका दिन शुरू भएपछिका दिनमा लोकतन्त्र शब्द बढी अभ्यासमा आएको हो । लोकतन्त्र वा प्रजातन्त्र जे भनिए पनि अङ्ग्रेजी भाषाको डेमोक्रेसीकै अनुवादका रूपमा यी दुवै शब्दलाई स्वीकारिन्छ ।

**लोकतन्त्रमा सुशासन**

लोकतन्त्रसँग सुशासनको घनिष्ठ सम्बन्ध छ । न त सुशासनविना लोकतन्त्र गतिशील हुन सक्छ, न त लोकतन्त्रविना सुशासन नै कायम हुन सक्छ । वास्तवमा लोकतन्त्रको आवश्यकता नै सुशासन स्थापनाका लागि हो भनेर भनियो भने अन्यथा हुनेछैन । नेपालको राजनीतिक इतिहासको मूल्याङ्कनको प्रयत्न गर्ने हो भने लोकतन्त्र र सुशासनको सम्बन्ध स्पष्ट हुन्छ । २००७ सालभन्दा पहिला नेपालमा सुशासनको कुनै अवधारणा नै थिएन भन्दा अतिशयोक्ति हुँदैन । न त कुनै कानून, न त कानूनी शासन । न त अदालत, न त न्याय नै । न त विकास, न त मानव अधिकार । यी सबैका कारण भनेको लोकतान्त्रिक शासनको अभाव थियो ।

पछिल्लो समयमा नेपालमा लोकतन्त्र संस्थागत हुने अवस्थाको निर्माण भएको छ । माथि चर्चा गरिए अनुसार नै नेपालको लोकतन्त्र क्रमशः परिपक्व हुँदै गएको छ र आवश्यकता अनुसार यसले आफूलाई परिवर्तित र परिमार्जित गरिरहेको छ । पछिल्लो पुस्ताको लोकतन्त्रले सुशासनको अवधारणासँगै मानव अधिकार, सङ्घीयता, समावेशी र पहिचानको कुरालाई स्वीकार गरेको छ । नेपाल पनि स्वाभाविकरूपमा अपवाद हुन सक्दैन । यहाँ पनि यी अवयवहरूलाई स्वीकार गरिएको छ र पछिल्लो समयमा नेपालको संविधान २०७२ ले नेपाली लोकतन्त्रलाई नयाँ ढङ्गले परिभाषित गर्ने क्रममा सङ्घीयतालाई आत्मसात् गरेको छ ।

**लोकतन्त्रको सबलीकरण र सङ्घीयता**

केन्द्रीय सरकारको शक्ति र जिम्मेवारीलाई प्रदेश वा स्थानीयस्तरमा बाँड्ने पद्धति अथवा राज्यसत्ताका अधिकार र दायित्वहरू केन्द्रमा नथुपारी सङ्घ र एकाइमा बाँड्नु सङ्घीय शासन व्यवस्था हो । सामान्य बुझाइ र शाब्दिक अर्थका आधारमा सङ्घीयतालाई शासकीय क्रियाकलापमा अधिकांश जनतालाई सहभागी गराउने राजनीतिक प्रक्रियाका रूपमा पनि परिभाषित गर्न सकिन्छ । वास्तवमा बहुजातीय, बहुभाषिक र बहुधार्मिक समाजको हक, हित र अधिकारको संरक्षण र सीमान्तकृत समूहहरूलाई सशक्तीकरण गर्ने शासन प्रणाली नै सङ्घीयता हो । यस आधारमा विश्लेषणको प्रयत्न गर्ने हो भने सङ्घीयता र लोकतन्त्र एकअर्कासँग अत्यन्त घनीभूतरूपमा सम्बन्धित छ भन्न सकिन्छ ।

वास्तवमा लोकतन्त्रलाई 'अर्थ' प्रदान गर्न सङ्घीयताको निकै महत्त्व छ । सङ्घीयता अधिकार तथा शक्तिको विधिवत् विकेन्द्रीकरणको एक मोडेल हो, जो लोकतन्त्रमा मात्र सम्भव छ । खासमा पछिल्लो विश्वमा लोकतन्त्रको सबलीकरणका दिशामा सङ्घीयताले निर्णायक भूमिका निर्वाह गर्ने अवधारणा लोकप्रिय बन्दै गएको छ । अधिनायकवादी शासन व्यवस्थामा अधिकार र शक्तिको विकेन्द्रीकरणको अवधारणामा विश्वास गरिँदैन । अधिकनायकवादमा विश्वास गर्नेहरू सधैं शक्तिको केन्द्रीकरण चाहन्छन् ।

पछिल्लो अवस्थामा नेपालको राजनीतिक अवस्थाको विश्लेषणको प्रयत्न गर्ने हो भने विगतमा केन्द्रीय शासनमा निहित शक्ति र अधिकार विकेन्द्रीकरणको अवधारणालाई स्वीकार गर्न थालिएको छ र जनतामा वास्तविक अर्थमा सम्प्रभुता निहित हुने कुरालाई स्वीकार गर्न थालिएको छ । यसको अर्थ हो, नेपालको लोकतन्त्र क्रमशः संस्थागत भइरहेको छ र तल्लो तहसम्मका जनताले लोकतन्त्रको अनुभूत गर्ने वातावरणको निर्माण भइरहेको छ ।

**नागरिक समाज र सामाजिक अभियान**

लोकतन्त्रमा नागरिकस्तरमा गठित र सञ्चालित सङ्घसंस्थाले समग्रमा नागरिक समाजको प्रतिनिधित्व गर्ने विश्वास गरिन्छ । लोकतान्त्रिक संस्कृति मौलाएका विश्वका सबै देशमा यो मान्यता लागू भएको पाइन्छ । सार्वजनिक निकाय र त्यहाँको अधिकारीलाई सार्वजनिक कार्य इमानदारीपूर्वक सम्पन्न गरी जनकल्याणका लागि कानूनले अख्तियार प्रदान गरेको हुन्छ ।

त्यस्ता अधिकार प्राप्त निकाय र व्यक्तिलाई अनुसन्धानको दायरामा ल्याइ लोकतन्त्र र सुशासन सुनिश्चित गर्ने दिशामा नागरिकस्तरमा दबाबको अभियान सञ्चालन गरिनु जरुरी छ । यसबाट जिम्मेवार र सार्थक लोकतन्त्रको उपस्थितिलाई बल पुग्छ । तर दुःखको कुरा हामीकहाँ अझै पनि नागरिकस्तरमा यस्तो वातावरणको निर्माण हुन सकेको छैन । लोकतन्त्र स्वयंमा देशलाई सकारात्मक दिशामा डोऱ्याउने एक अभियान हो र यो अभियान राज्य मात्रैका भरमा सफल हुन सम्भव छैन । यसका लागि नागरिकस्तरमा अभियान सञ्चालन हुनु अपेक्षित छ ।

**प्रेस र नागरिक समाजको उपस्थिति अपरिहार्य**

प्रेस स्वतन्त्रता र नागरिक समाजको फराकिलो उपस्थिति कुनै पनि लोकतान्त्रिक व्यवस्थाको सफलताका लागि एक महत्त्वपूर्ण शर्त मानिन्छ । कहीं पनि लोकतन्त्र छ भनेर भनियो भने त्यहाँ स्वाभाविकरूपमा प्रेस स्वतन्त्रता र नागरिक समाजको निर्बाध गतिविधिको प्रत्याभूति छ भन्ने बुझिन्छ । लोकतन्त्रले नेपाल र नेपालीलाई प्रेस स्वतन्त्रता र नागरिक समाजको फराकिलो उपस्थितिको अवसर प्रदान गरेको छ । २००७ सालको फागुन ७ नै यस्तो प्रस्थानबिन्दु हो, जसले नागरिक अधिकारको बहाली, प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता र सुसूचित हुन पाउने जनताको हकको पक्षमा जगको ढुङ्गा राखेको हो । यी सबैको सम्बन्ध नागरिकको मौलिक अधिकारको बहालीसँग छ ।

जनताको सुसूचित हुन पाउने हकको प्रत्याभूति पनि प्रेस स्वतन्त्रतामार्फत नै हुन सक्ने विश्वव्यापी मान्यता छ । र समग्रमा यी सबैको सम्बन्ध लोकतन्त्रको संरक्षण, संवर्द्धन र विकाससँग छ । पछिल्लो दिनमा परिवर्तन र नागरिक अधिकार संस्थागत भएको देख्न नचाहने तत्त्व र समूहबाट प्रेस र नागरिक समाजमाथि आक्रमण भइरहेको छ भन्नु अन्यथा नहोला । यसको अर्थ हो, समग्रमा लोकतन्त्रमाथि नै आक्रमण गर्ने र आघात पुऱ्याउने जमातको आकार वृद्धि भइरहेको छ । यस्ता तत्त्व र समूह प्रेस र नागरिक समाज अर्थात् सारमा लोकतन्त्र नै क्रियाशील भएको देख्न चाहँदैनन् । तिनले समाज रूपान्तरण भएको देख्न चाहँदैनन् । यस्तोमा लोकतन्त्रको वृहत् हितका पक्षमा त्यस्ता तत्त्वको निर्मूलीकरण आवश्यक छ । यति हुन सके जिम्मेवार लोकतन्त्रका पक्षमा अनुकूल वातावरणको निर्माण सहज हुन सक्छ । (लेखक राससका कार्यकारी अध्यक्ष हुन्)



**टेन्ट जडान गरेर अस्पताल सञ्चालनः** बारेकोट गाउँपालिकाको लिम्सास्थित १० शय्याको प्राथमिक अस्पताल बसपार्कमा टेन्ट जडान गरेर सञ्चालन हुँदै । भूकम्पका कारण स्वास्थ्य संस्थामा क्षति भएपछि टेन्टमार्फत जाँच, उपचारदेखि सबै खालका कार्य हुँदै आएका छन् । तस्बिरः हेमन्त केसी/रासस

## फरक समाचार

### के हो डर्मेटोमायोसिटिस ?

चलचित्र दङ्गलमा आमिर खानकी कान्छी छोरीको रूपमा बबिता फोगाटको भूमिका निर्वाह गरेकी सुहानी भटनागरको शनिवार निधन भएको छ । उनको मृत्यु डर्मेटोमायोसिटिस भन्ने दुर्लभ रोगबाट भएको हो । यो रोगबारे उनका आमाबुबालाई दुई महीना पहिले मात्र थाहा भएको थियो । एक्स-रे र अल्ट्रासाउन्ड गराएपछि उनको रोग पत्ता लागेको थियो । शुरूमा उनको बायाँ हात सुन्निएको थियो र बिस्तारै-बिस्तारै यो सुजन उनको अर्को हात र त्यसपछि पूरै शरीरमा फैलिन थाल्यो । एम्स अस्पतालमा परीक्षण गराएपछि उनलाई गम्भीर रोग डर्मेटोमायोसिटिस भएको पत्ता लाग्यो । यो गम्भीर रोगले मांसपेशीमा असर गर्छ ।



**डर्मेटोमायोसिटिस के हो ?** यो एउटा अटोइम्युन डिसअर्डर हो । यसको असर छाला र मांसपेशी र रक्तनलीमाथि पर्छ । त्यसपछि मांसपेशीमा कमजोरी हुने र छालामा ऱ्यासेज आउँछ । यो रोग विशेषगरी महिलाहरूलाई बढी हुन्छ ।

**कारणः** यो रोगको कारणबारे अहिलेसम्म थाहा भएको छैन । जीनको कारण अथवा वातावरणबाट यो रोग लाग्न सक्छ । अधिकांश अटोइम्युन डिसअर्डर सरह काम गर्छ अर्थात् यो रोग लागेपछि शरीरले आफ्नै कोशिकालाई दुश्मन सम्झिन्छ र त्यसमाथि हमला गर्छ । जब कसैलाई डर्मेटोमायोसिटिस हुन्छ, तब इम्युनिटी मसल्सको भित्र, ब्लड भेसल्स र छालामा जोडिएका टिस्युको पछाडि पुग्छ ।

**लक्षणः** गुलाबी वा रातो रङको दागधब्बा छाला, घुँडा, बाहुला, खुट्टाको औंला आदिमा देखिन्छ । त्यस्तै, अनुहार, घाँटी, काँध, छाती आदिमा पनि यसको लक्षण देखिन्छ । वजन बढ्ने, ज्वरो लाग्ने गर्छ । बढीजसो यो रोग पाँचदेखि १५ वर्षका बच्चालाई हुन्छ । त्यस्तै, ४० देखि ६० वर्ष उमेरका महिलाहरूलाई पनि यो रोग लाग्न सक्छ ।

### बुढियाको कपाल बेच्न प्रतिबन्ध

भारतको तमिलनाडु सरकारले शनिवार राज्यमा कटन क्यान्डी (बुढियाको कपाल) बिक्री र उत्पादन माथि रोक लगाएको छ । यसबारेमा त्यहाँका स्वास्थ्यमन्त्रीले जानकारी दिंदै भनेका छन्- कटन क्यान्डीमा क्यान्सर उत्पन्न गर्ने केमिकल भेटिएको पुष्टि भएपछि यसको बिक्री र उत्पादनमा बन्देज लगाइएको छ ।



तमिलनाडु सरकारका स्वास्थ्यमन्त्री सुब्रमण्यमले शनिवार कटन क्यान्डीमाथि बन्देज लगाएको जानकारी दिंदै भनेका छन्- कटन क्यान्डीको नमूना खाद्य सुरक्षा विभागमा परीक्षणको लागि पठाइएको थियो । जसमा क्यान्सर उत्पन्न गर्ने रोडामाइन-बी केमिकल भेटिएको पुष्टि भएको छ । त्यसपछि राज्यमा कटन क्यान्डीको बिक्री र उत्पादनमाथि रोक लगाइएको छ । उनले भने- खाद्य सुरक्षा मानव अधिनियम २००६ अनुसार विवाह, समारोह र सार्वजनिक कार्यक्रममा रोडामाइन-बी मिलाइएको खाद्य पदार्थ तयार गर्ने, प्याकेजिङ गर्ने, आयात, बिक्री वितरण गर्नु दण्डनीय अपराध हो । खाद्य सुरक्षा विभागका अधिकारीले मामिलाको समीक्षा गरेपछि उल्लङ्घन गर्नेहरूमाथि कडा कारबाई गर्न निर्देशन दिएका छन् ।

तमिलनाडुभन्दा पहिले छिमेकी केन्द्रशासित राज्य पुडुचेरीले पनि कटन क्यान्डीमाथि बन्देज लगाएको थियो । पुडुचेरीले कटन क्यान्डीमा रोडामाइन-बी भेटिएपछि ९ फेब्रुअरीका दिन राज्यमा यसको बिक्रीमाथि प्रतिबन्ध लगाएको थियो । त्यस राज्यमा कटन क्यान्डी बिक्री गर्ने पसलको जाँच गर्न तथा भण्डारण गरिएको कटन क्यान्डी जफत गर्न निर्देशन दिएको छ ।

रोडामाइन-बी पानीमा घुल्ने रासायनिक यौगिक हो । जुन डाईको रूपमा कार्य गर्छ । चम्किलो गुलाबी रङको लागि चर्चित यो रसायन मनुष्यको लागि विष समान हुन्छ । मनुष्यको शरीरमा पसेर कोशिका तथा उत्तकमाथि एन्टिअक्सिडेटिभ तनाव पैदा गर्छ । जब यसलाई खाद्य पदार्थसँग मिसाइन्छ र त्यो हामीले खान्छौं भने क्यान्सर र ट्युमर हुने खतरा रहन्छ ।

### पोशाकको कारण शारीरिक गतिविधिमा कमी

हालै गरिएको नयाँ शोध अनुसार विद्यालयको पोशाकको नीतिको कारण विशेषगरी प्राथमिक विद्यालयमा अध्ययनरत छात्राहरूलाई शारीरिक गतिविधिमा भाग लिन समस्या हुने गरेको छ । क्याम्ब्रिज युनिभर्सिटीले गरेको यो अध्ययनमा संसारभरिका पाँचदेखि १७ वर्षका १० लाखभन्दा बढी बालबालिकाको शारीरिक गतिविधिको तथ्याङ्क प्रयोग गरिएको थियो ।



अध्ययन अनुसार जुन देशका विद्यालयमा पोशाक अनिवार्य गरिएको छ, त्यहाँ विश्व स्वास्थ्य सङ्गठनद्वारा अनुशंसित ६० मिनेट प्रतिदिनको शारीरिक क्रियाकलाप छात्राहरूले कम गरिरहेको पाइएको छ । पोशाक नीतिको कारण छात्रभन्दा छात्राहरूले शारीरिक गतिविधि कम गरिरहेका छन् । प्राथमिक विद्यालयमा अध्ययनरत छात्राले छात्रको तुलनामा कम शारीरिक गतिविधि गरिरहेको पाइएको छ । शोधकर्ताका अनुसार ठूला छात्राहरूको तुलनामा ससाना छात्राहरूले बढी शारीरिक गतिविधि गर्छन् । जस्तैः खाजा खाने समयमा दौडिने, उफ्रिने, विभिन्न प्रकारका शारीरिक गतिविधि गर्छन् । स्कर्ट र अन्य कुनै विद्यालय पोशाकको कारण छात्राहरू खेलमा भाग लिन असहज महसूस गर्छन् । यस अध्ययनको नेतृत्व क्याम्ब्रिज युनिभर्सिटीका फ्याकल्टी अफ एजुकेशन र एमआरसी एपिडिमियोलोजी युनिटका शोधकर्ता डा माइरिडले गरेका थिए । उनले भने- विभिन्न कारणले विद्यालयले पोशाकको उपयोग गर्न चाहन्छ । हामी विद्यालयमा पोशाक बन्देज गर्न सल्लाह दिंदैनौं । डब्लएचओले पनि सल्लाह दिंदै भनेको छ- युवाहरूले सातामा औसत कमसेकम ६० मिनेट व्यायाम गर्नुपर्छ ।- प्रतीक डेस्क (एजेन्सीको सहयोगमा)

# अन्तर्राष्ट्रिय समाचार

## थाइल्यान्डका पूर्वप्रधानमन्त्री थाक्सिन पेरोलमा रिहा

बैंकक, ६ फागुन/एएफपी

थाइल्यान्डका पूर्वप्रधानमन्त्री थाक्सिन सिनावात्रा स्वनिर्वासनबाट स्वदेश फर्केको छ महीनापछि आइतवार पेरोलमा रिहा भएका छन्।

पेरोल कैदीहरू व्यावहारिक अवस्थाहरू पालन गर्न सहमत भएको अवस्थामा तोकिएको अधिकारीहरूसँग सम्पर्कमा रहने गरी हुने रिहाइ हो। शर्तहरू पालना नभएको अवस्थामा उनीहरूलाई पुनः गिरफ्तार गरी जेलमा फिर्ता गर्न सकिन्छ।

स्थानीय समय अनुसार आइतवार बिहान ६:०६ बजे बैंककमा उनको उपचार गरेको र एक वर्षको जेलसजायको छ महीना बिताएको एउटा प्रहरी अस्पतालबाट थाक्सिन कारमा चढेर घर फर्किएका हुन्।

थाइल्यान्डकी प्रधानमन्त्री श्रेता थाभिसिनले यस पहिले नै थाक्सिनलाई पेरोलमा रिहा गर्नु कानूनसम्मत हुने बताएकी थिइन्।

देशको कानून तथा न्याय मन्त्रालयका अनुसार यसै महीना पेरोलका लागि स्वीकृत ९३० कैदीमध्ये ७४ वर्षीय पूर्वप्रधानमन्त्री सिनावात्रा पनि एक हुन्।

थाइल्यान्डको कानून अनुसार उनी ७० वर्षभन्दा बढी उमेर पुगेको र गम्भीर रोगबाट पीडित भएकोले पेरोलका लागि योग्य छन्।

थाक्सिनले १५ वर्षभन्दा लामो निर्वासन तोडेर गत वर्षको अगस्तमा थाइल्यान्ड फर्किएका थिए तर उनलाई तत्काल हिरासतमा लिइएको थियो र विभिन्न अभियोगमा आठ वर्षको जेलसजाय सुनाइएको थियो।

स्वदेश फर्केको केही समयपछि स्वास्थ्य समस्याका कारण उनलाई बैंककको जेलबाट प्रहरी अस्पतालमा सारिएको थियो। गत सेप्टेम्बरमा थाइल्यान्डका राजा महा वजीरालोङकोर्नले थाक्सिनको आठ वर्षको जेलसजाय घटाएर एक वर्ष कायम गरेका थिए। थाक्सिन सन् २००१ देखि २००६ सम्म दक्षिणपूर्वी एशियाली मुलुक थाइल्यान्डका प्रधानमन्त्री थिए तर सन् २००८ देखि उनी स्वनिर्वासनमा थिए। रासस



थाइल्याण्डका पूर्वप्रधानमन्त्री थाक्सिन सिनावात्रा। तस्वीरः एजेन्सी

## अब्दाइब्कालाई पूर्ण नियन्त्रणमा लिएको रूसको दाबी

मस्को, ६ फागुन/एएफपी

रूसी सेनाले डोनेट्स्कनजीकैको अब्दाइब्का शहरलाई पूर्णरूपमा नियन्त्रणमा लिएको छ।

रक्षा मन्त्रालयले आफ्नो टेलिग्राम च्यानलमा अब्दाइब्का शहरलाई पूर्णरूपमा नियन्त्रणमा लिएको घोषणा गरेको छ। लेफ्टिनेन्ट जनरल एन्ड्रे मोर्डविचेभको नेतृत्वमा केन्द्रीय समूहका सैनिकहरूले अब्दाइब्का शहरलाई नियन्त्रणमा लिएको रूसी रक्षामन्त्री सर्गेई शोइगुले क्रेमलिनमा रूसी राष्ट्रपति भ्लादिमिर पुटिनलाई जानकारी गराएका छन्।

रूसी सेनाले युक्रेनी सेनाबाट ३१.७५ वर्ग किलोमिटर क्षेत्र आफ्नो नियन्त्रणमा लिएको र युक्रेनले पछिल्लो २४ घण्टामा अब्दाइब्का शहरलाई नियन्त्रणमा लिएको लडाइँमा एक हजार ५०० भन्दा बढी सैनिक युक्रेनले गुमाएको मन्त्रालयले जनाएको छ।

"रूसी सेनाको निरन्तर आक्रमणपछि युक्रेनी लडाकूहरूको अलग–अलग छरिएका स्थानहरूबाट मात्र हतियार र सैन्य उपकरणहरू छोडेर हतारमा अब्दाइब्का छोड्न सफल भएका छन्," मन्त्रालयद्वारा जारी विज्ञप्तिमा भनिएको छ। दुई दिन पहिले युक्रेनले अब्दाइब्कामा ठूलो क्षति हुने देखिएपछि आफ्नो सेना सीमाबाट केही पछि हटेको बताएको थियो। रासस

## गाजा सम्बन्धमा सुरक्षा परिषद्को नयाँ मतदान रोक्ने अमेरिकी धम्की

संयुक्त राष्ट्रसङ्घ, ६ फागुन/एएफपी

गाजामा 'तत्काल' युद्धविरामको माग गर्ने अल्जेरियाको प्रस्तावमा संयुक्त राष्ट्रसङ्घीय सुरक्षा परिषद्ले आगामी साता मतदान गर्न सक्ने कूटनीतिक स्रोतहरूले शनिवार बताएका छन्। यद्यपि वाशिङ्टन फेरि उक्त प्रस्ताव अवरुद्ध गर्न तयार रहेको देखिन्छ।

जनवरी अन्त्यमा अन्तर्राष्ट्रिय अदालतले इजरायलले गाजामा आफ्नो युद्धमा नरसंहार कार्य रोक्नका लागि हरसम्भव प्रयास गर्नुपर्ने फैसला गरेपछि अल्जेरियाले एउटा नयाँ मस्यौदामा छलफल शुरू गरेको छ। फैसलामा इजरायलले हमास लडाकूहरूलाई निशाना बनाइरहेको बताएको छ।

एएफपीले शनिवार प्राप्त गरेको मस्यौदा प्रस्तावको पछिल्लो संस्करणमा 'तत्काल मानवीय युद्धविरामको माग गरिएको छ र त्यसलाई सबै पक्षले सम्मान गर्नुपर्ने' उल्लेख छ। "प्यालेस्टिनी नागरिकको जनसङ्ख्याको जबरजस्ती विस्थापनलाई पनि अस्वीकार गर्छ र सबै बन्धकलाई विनाशर्त तत्काल रिहाइको माग गर्छ," प्रस्तावमा भनिएको छ।

अक्टोबर ७ मा हमाससँग शुरू भएको गाजा युद्धमा इजरायलमा अधिकांश सर्वसाधारणसहित करीब एक हजार १६० नागरिक मारिएका थिए। हमासले सञ्चालन गरेको स्वास्थ्य मन्त्रालयका अनुसार इजरायलले गाजामा गरेको जवाफी आक्रमणमा अधिकांश महिला तथा बालबालिकासहित कम्तीमा २८ हजार ८५८ जनाको ज्यान गएको छ।

अल्जेरियाले मङ्गलवार राष्ट्रसङ्घीय सुरक्षा परिषद्मा मतदानका लागि आग्रह गरेको छ तर वाशिङ्टनले उक्त मतदानमा विशेषाधिकार प्रयोग गर्न सक्ने सङ्केत दिएको छ। राष्ट्रसङ्घका लागि अमेरिकी राजदूत लिन्डा थोमस–ग्रीनफिल्डले अल्जेरियाको प्रस्तावित मस्यौदाबारे एक विज्ञप्तिमा भनिन्– "अमेरिकी राष्ट्रपति जो बाइडेन इजरायलका प्रधानमन्त्री बेन्यामिन नेतान्याहु, इजिप्ट तथा कतारका नेताहरूसँग बन्धक सम्झौतामा काम गरिरहनुभएको छ, यसले करीब छ साताको युद्धविराम ल्याउनेछ।"

"यसविपरीत सुरक्षा परिषद्मा राखिएको प्रस्तावले यो परिणाम प्राप्त हुँदैन र वास्तवमा युद्धविरामविपरीत हुन सक्छ"–उनले भनिन्–"अमेरिका यो मस्यौदा प्रस्तावमा कारबाईको समर्थन गर्दैन, यदि मस्यौदा अनुसार यसलाई मतदानका लागि लगियो भने त्यसलाई स्वीकार्न सकिंदैन।"

इजरायल र अमेरिकाले विरोध गरेको पछिल्ला मस्यौदा प्रस्तावहरू जस्तै नयाँ मस्यौदा प्रस्तावमा हमासले गरेको अभूतपूर्व आक्रमणको निन्दा गरिएको छैन। यसै महीनाको प्रारम्भमा राजदूत थोमस–ग्रीनफिल्डले अल्जेरियाको पछिल्लो पहलबाट वार्तालाई जोखिममा पार्ने खतरा रहेको बताएकी थिइन्।

राष्ट्रसङ्घका लागि प्यालेस्टिनी राजदूत रियाद मन्सुरले भनेका छन्– "अब सुरक्षा परिषद्का लागि मानवीय युद्धविरामको प्रस्तावमाथि निर्णय लिने समय आएको छ भन्ने हामीलाई विश्वास छ, सुरक्षा परिषद्का सदस्यहरूबीच मस्यौदा प्रस्तावका बुँदाहरूका लागि 'ठूलो समर्थन' छ।"

अक्टोबर र डिसेम्बरमा गाजामा बढ्दो मानवीय सङ्कटमाथि अन्तर्राष्ट्रिय दबाबका बावजूद वाशिङ्टनले युद्धविरामको माग गर्ने सन्देशमा विशेषाधिकार लगाएको थियो। सुरक्षा परिषद्ले अक्टोबर ७ पछि गाजासम्बन्धी दुईवटा मात्र प्रस्ताव स्वीकार गरेको छ। यसमा प्यालेस्टिनी क्षेत्रमा ठूलो स्तरमा मानवीय सहायता पुऱ्याउन गरिएको आग्रह समावेश छ। रासस


यहाँ स्तरीय छपाईसम्बन्धी सम्पूर्ण कार्य गरिन्छ।

बिल, बूक, खाता | क्यालेन्डर, ब्रोसर, पोस्टर | विवाह कार्ड, लेटरप्याड

पुस्तक, डायरी | भिजिटिङ कार्ड | फ्लेक्स, ब्यानर

प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)


त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५

email: prateekdaily@gmail.com, Website: eprateekdaily.com


### आजको राशिफल

| | |
|---|---|
| मेष – मनोरञ्जन | वृष – सफलता |
| मिथुन – राज्यलाभ | कर्कट – वादविवाद |
| सिंह – व्यापारवृद्धि | कन्या – शत्रुपराजय |
| तुला – ज्ञानोदय | वृश्चिक – भयचिन्ता |
| धनु – मित्रमिलन | मकर – अतिथआगमन |
| कुम्भ – सुयश | मीन – व्यर्थभ्रमण |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया



**हिउँविनाको कोङ्दे हिमालः** सोलुखुम्बुको लुक्लाबाट देखिएको कोङ्दे हिमाल। यस वर्ष जलवायु परिवर्तनको असरले गर्दा हिमपात नहुँदा कालो बन्दै गएको कोङ्दे हिमाल। तस्बिरः सुवास दर्नाल/रासस

## मेलम्ची आयोजनामा भ्रष्टाचार : १५ जनाविरुद्ध मुद्दा दायर

काठमाडौं, ६ फागुन/रासस

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले मेलम्ची खानेपानी आयोजनामा भ्रष्टाचार गरेको अभियोगमा पूर्वसचिवहरूसहित १५ जनाविरुद्ध आइतवार विशेष अदालतमा मुद्दा दायर गरेको छ।

मेलम्ची खानेपानी आयोजनाको निर्माण कम्पनी सिएमसीलाई काम नै नगरी भुक्तानी गरेको पाइएकाले परामर्शदाता तथा निर्माण कम्पनीमाथि सार्वजनिक सम्पत्ति हानिनोक्सानी गरेको पाइएकाले मुद्दा दायर गरिएको आयोगले जनाएको छ।

आयोगले पूर्वसचिव सञ्जय शर्माविरुद्ध रु छ करोड ९७ लाख ८३ हजार १७८, सहसचिव मुकुन्दप्रसाद पौडेलविरुद्ध पनि समान बिगो दाबी गरेको छ। खानेपानी मन्त्रालयका तत्कालीन सचिव भीमप्रसाद उपाध्यायविरुद्ध रु चार करोड ११ लाख ३४ हजार २७९ बराबरको बिगो दाबी गरिएको छ।

खानेपानी मन्त्रालयका तत्कालीन सचिव गजेन्द्रकुमार ठाकुरविरुद्ध रु ६० करोड ४९ लाख १९ हजार ८८४ बराबरको बिगो दाबी गरिएको छ। मेलम्ची खानेपानी विकास समितिका तत्कालीन बोर्ड सदस्य रुद्रसिंह तामाङविरुद्ध रु ११ करोड नौ लाख १७ हजार ४५८ बराबरको बिगो दाबी गरिएको छ।

आयोगले मेलम्ची खानेपानी विकास समितिका तत्कालीन बोर्ड सदस्य चन्द्रबहादुर थापाविरुद्ध रु ७१ करोड ५८ लाख ३७ हजार ६४३, मेलम्ची खानेपानी विकास समितिका तत्कालीन कार्यकारी निर्देशक घनश्याम भट्टराईविरुद्ध रु २२ करोड ७५ लाख १९ हजार ८९६ बराबरको बिगो दाबीका मुद्दा दायर गरेको छ।

मेलम्ची खानेपानी विकास समितिका तत्कालीन कार्यकारी निर्देशक रामचन्द्र देवकोटाविरुद्ध रु ३२ करोड ३५ लाख ६१ हजार ६६३ बराबरको बिगो दाबी गर्दै आज विशेष अदालतमा मुद्दा दायर गरिएको आयोगले जनाएको छ। मेलम्ची खानेपानी विकास समितिका तत्कालीन कार्यकारी निर्देशक सूर्यराज कँडेलविरुद्ध रु ८९ करोड आठ लाख ९८ हजार २८५, समितिका तत्कालीन उपसचिव मणिभद्र न्यौपानेविरुद्ध रु ३२ करोड ३५ लाख ६१ हजार ६६३, लेखा अधिकृत रामचन्द्र न्यौपानेविरुद्ध रु ३२ करोड ३५ लाख ६१ हजार ६६३ बराबरको बिगो दाबी गरिएको छ। तत्कालीन उपसचिव बेगनाथ पौडेलविरुद्ध रु ३२ करोड ३५ लाख ६१ हजार ६६३, तत्कालीन उपसचिव केदारप्रसाद अर्यालविरुद्ध रु ४४ करोड ७३ लाख ७३ हजार ७२, समितिका उपकार्यकारी निर्देशक भोजविक्रम थापाविरुद्ध रु ३२ करोड ३५ लाख ६१ हजार ६६३ बराबरको बिगो दाबी गरेको छ।

परामर्शदाता कम्पनीका 'डिपुटी टीम लिडर' शिवकुमार शर्माविरुद्ध रु ४८ करोड ३६ लाख सात हजार ५८०, परामर्शदाता कम्पनी इप्टिसालाई रु ८७ करोड ५८ लाख ८३ हजार ३६० र निर्माण कम्पनी सिएमसीलाई रु ६५ करोड १४ लाख ५७ हजार ४१० बराबरको बिगो दाबी गर्दै आज विशेष अदालतमा मुद्दा दायर गरिएको आयोगका प्रवक्ता नरहरि घिमिरेले जानकारी दिए।

## 'पत्रकारिताको प्रवर्द्धनविना लोकतन्त्र स्थायी हुँदैन'

महोत्तरी, ६ फागुन/रासस

मधेस प्रदेशसभाका सभामुख रामचन्द्र मण्डलले निष्पक्ष पत्रकारिता लोकतन्त्रको मेरुदण्ड हो भन्दै पत्रकारिता क्षेत्रको प्रवर्द्धनबाटै लोकतन्त्र स्थायी हुने बताएका छन्।

राष्ट्रिय समाचार समितिको ६३औं वार्षिकोत्सवको अवसरमा जनकपुरधाममा आइतवार सम्पन्न 'सङ्घीयतामा पत्रकारिता र रासस' विषयक विचारगोष्ठीमा सभामुख मण्डलले पत्रकारिताको संस्थागत विकासका लागि राज्यका सबै निकायले सहयोगी भूमिका निर्वाह गर्नुपर्ने बताए।

"राज्यपक्ष पत्रकारिताको संस्थागत विकासमा सहयोगी बन्नुपर्छ," मण्डलले भने, "अनि पत्रकारको भूमिका समाज सुधार र जनतालाई उत्प्रेरित गर्ने हुनुपर्छ।" पछिल्लो समय सञ्चारमाध्यम र सामाजिक सञ्जालमा पत्रकारले पस्कँदै आएका सामग्रीले कतिपय सन्दर्भमा जनतामा निराशा र कुण्ठा भर्ने काम गरेको मण्डलले टिप्पणी गरे।



तस्वीरः रासस

"तपाईंहरूका कामले जनतामा आशा जगाउनुपर्छ, राज्यसम्बद्ध निकायमा देखिने बेथितिको अन्दाजमा हैन, तथ्यपरक तथा खोजमूलक सूचना दिनुपर्छ," उनले भने।

जनकपुरधाम उपमहानगरपालिकाका प्रमुख मनोजकुमार साहले रासससलाई जनकपुरधामबाट मैथिली भाषाको समाचार सेवा दिन आवश्यक संसाधन जुटाउन सहयोग गरिने प्रतिबद्धता जनाए।

नगरप्रमुख साहले राससबाट मैथिली भाषामा समाचार सेवा शुरू गर्न राससँग उपमहानगरले सैद्धान्तिक सहमति गरिसकेकाले अब चाँडै त्यसलाई अन्तिम रूप दिइने बताए।

धनुषाका प्रमुख जिल्ला अधिकारी चक्रपाणि पाण्डेले पत्रकारले हतारमा समाचार सम्प्रेषण गर्ने दौडमा सत्यतथ्यलाई बिर्सन नहुनेमा जोड दिए।

मुख्यमन्त्रीका राजनीतिक सल्लाहकार सीताराम अग्रहरि, मधेस आमसञ्चार प्राधिकरणका अध्यक्ष श्यामसुन्दर यादव, नेपाल पत्रकार महासङ्घका केन्द्रीय सदस्य रिङ्कु गायत्री मिश्र र धनुषा शाखा अध्यक्ष मनिका झासहितका वक्ताहरूले शुभकामना दिएका थिए।

रासस मधेस प्रदेश कार्यालयका प्रमुख टीकाराम सुनारको अध्यक्षतामा कार्यक्रम सम्पन्न भएको थियो।

### मधुमेह ...

उनले भनिन्, "प्रत्येक व्यक्तिले सकेसम्म वर्षमा एकपटक यसको परीक्षण गराउनुपर्छ।"

बालबालिकामा टाइप–एक र युवावस्थामा टाइप–दुई मधुमेहको समस्या धेरै देखिने भट्टराईको भनाइ थियो। नेपाल राष्ट्रिय कर्मचारी सङ्गठन राससले आयोजना गरेको अन्तर्क्रिया कार्यक्रममा रासस सञ्चालक समितिका सदस्य एवं आलेख प्रमुख कृष्ण अधिकारीले स्वस्थ जीवनशैलीका लागि चिकित्सकसँग सल्लाह लिनुपर्ने बताए। उनले कर्मचारीका लागि यस्ता अन्तर्क्रिया प्रभावकारी हुने भन्दै महीनामा एकपटक स्वास्थ्यसम्बन्धी अन्तर्क्रिया गरिनुपर्ने आवश्यकता औंल्याए।

### नेप्से ...

बराबरको कारोबार भयो। एनआइसी एशिया बैंक रु १३ करोड ६५ लाख ६४ हजार १४०, जोशी हाइड्रोपावर रु १० करोड १४ लाख १९२, सगरमाथा जलविद्युत् कम्पनी रु नौ करोड २७ लाख ९३ हजार ५९८ र युनियन हाइड्रोपावर रु सात करोड ६१ लख १८ हजार १०७ मूल्यमा खरीद–बिक्री भई शीर्ष पाँचभित्र पर्न सफल भएका छन्।

नेप्सेका अनुसार बोटलर्स नेपाल बालाजु र समाज लघुवित्तको शेयर मूल्यमा १० प्रतिशतले वृद्धि भई सकारात्मक सर्किट लागेको छ। किसान लघुवित्त आठ दशमलव २२, युनियन हाइड्रोपावर छ दशमलव ६५ र आशा लघुवित्तका लगानीकर्ताले छ दशमलव शून्य चार प्रतिशतले कमाएका छन्।

त्यस्तै, सामलिङ पावर आठ दशमलव २१, दोर्दी खोला जलविद्युत् कम्पनी छ दशमलव १५, पाँचथर पावर कम्पनी पाँच दशमलव ९१, बाराही हाइड्रोपावर पाँच दशमलव ८२ र एनआइसी एशिया ग्रोथ फन्डका लगानीकर्ताले पाँच दशमलव ६१ प्रतिशतले गुमाएका छन्।

# ठोरीमा द्रुत सिकाइ योजना अभिमुखीकरण सम्पन्न

चिरञ्जीवी सापकोटा, ठोरी, ६ फागुन/

ठोरी गाउँपालिकामा शैक्षिक आपूरण तथा द्रुत सिकाइसम्बन्धी अभिमुखीकरण कार्यक्रम सम्पन्न भएको छ।



अभिमुखीकरण कार्यक्रममा सहभागीहरू। तस्वीरः प्रतीक

कोभिडका कारण बालबालिकाको सिकाइमा पर्न गएको असरका कारण हालसम्म पठनपाठनमा सहजता आउन नसकेपछि शिक्षा विभागले यो कार्यक्रम देशभरि लागू गरेको जोशीले बताए। कोभिडका कारण तल्लो कक्षामा पढेका विद्यार्थी आज माथिल्लो कक्षामा पुगिसकेकाले सिकाइ उपलब्धिमा कठिनाइ आएकाले विभागले यस्तो कार्यक्रमको योजना निर्माण गरेको जोशीले बताए।

कार्यक्रमको सहजीकरण गर्दै जोशीले विद्यार्थीहरूको सिकाइ उपलब्धिलाई माथि उकास्न विद्यालयले आवश्यकता अनुसारका योजना निर्माण गरी कार्यान्वयन गर्नुपर्ने बताए। उनले अभिभावक सचेतना कार्यक्रम सञ्चालन गर्नुपर्नेलगायका विभिन्न योजना निर्माण गर्ने, विद्यार्थीको सिकाइ अवस्था पहिचान गरी सुधार गर्ने, शैक्षिक क्लबहरू गठन गरी शैक्षिक क्षतिलाई आपूरण गर्न सबैलाई समन्वय गरी कार्यान्वयन गर्ने बताए।

गापा उपाध्यक्ष गोकुलीकुमारी रेग्मीको अध्यक्षतामा भएको कार्यक्रममा वडाध्यक्षहरू, कार्यपालिका सदस्यहरू, प्रधानाध्यापकहरू र आसमान नेपालका प्रतिनिधिलगायतको सहभागिता थियो। कार्यक्रमको सञ्चालन ठोरी गापाका शिक्षा शाखा प्रमुख भुपालकुमार जोशीले गरेका थिए।

### आजको कार्यक्रम

| सि.नं. | आयोजक | कार्यक्रम | स्थान | समय |
|---|---|---|---|---|
| १. | पोखरिया नपा | रक्तदान | रेडक्रस पोखरिया | ७:३० |


## प्रजातन्त्र दिवस भव्यरूपमा मनाऔं

- प्रजातन्त्रको मूल मर्म मानव अधिकार र विधिको शासन हो।
- आवधिक निर्वाचन प्रजातन्त्रका लागि महत्त्वपूर्ण हुन्छ।
- शक्ति पृथकीकरण तथा नियन्त्रण र सन्तुलन प्रजातन्त्रको आधार हो।
- मेलमिलाप र शान्तिबाटै प्रजातन्त्र अघि बढाउन सकिन्छ।

त्यसैले,

प्रजातान्त्रिक आचरण, संस्कार र व्यवहारको अवलम्बन गरौं।

७४औं राष्ट्रिय प्रजातन्त्र दिवस सफल पारौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

Make your stay with us is a
memorable experience



Lords Plaza Birgunj is a world class hotel built to treat all types of travelers. This beautiful hotel is equipped with contemporary Rooms and Suites, Business Center, Four Conference Rooms, Three Food and Beverage outlets - Bar, Multi Cuisine Restaurant & Roof Top Dining, Spa, Gym, Pool and Casino.

Diyalo Lords PLAZA
Exhilarating Hospitality
Birgunj
Call - 51525252, 98028 19788, 98028 19787
Aadarsh Nagar, Birgunj, Nepal, www.lordshotels.com,


जेठ ३ ...

सम्पन्न अन्तर्क्रिया कार्यक्रममा सो निर्णय भएको हो। पर्सामा एक महानगरपालिका, तीन नगरपालिका र १० गाउँपालिका गरी १४ वटा पालिका पूर्णखोप घोषणा भइसकेकाले जिल्लालाई पूर्णखोप घोषणा गर्ने निर्णय भएको हो।

कार्यक्रममा आगामी फागुन १३ देखि २१ गतेसम्म जिराभवानी, सखुवाप्रसौनी, पर्सागढी, जगरनाथपुर, पटेर्वासुगौली, पोखरीया, वीरगंज ३ मा र आगामी फागुन २७ देखि चैत ५ गतेसम्म वीरगंजका बाँकी वडाहरू, बहुदरमाई नपा, ठोरी, छिपहरमाई, पकाहामैनपुर, विन्ध्यवासिनी, धोबिनी र कालिकामाई गापामा दादुरा र रूबेला खोप अभियान सञ्चालन गर्ने निर्णयसमेत गरिएको छ।

जिल्ला खोप समन्वय समिति पर्साका संयोजक एवं पर्साका प्रमुख जिल्ला अधिकारी दिनेशसागर भुसालको अध्यक्षतामा सम्पन्न कार्यक्रममा जिल्ला खोप समन्वय समिति पर्सा एवं जिल्ला समन्वय समिति पर्साका उपसभापति पुरनप्रसाद कुर्मी, स्वास्थ्य कार्यालय पर्साका प्रमुख डा मुक्तिनारायण साह, नारायणी अस्पतालका सूचना अधिकारी डा उदयनारायण सिंह, जिल्ला प्रहरी कार्यालय पर्साका प्रवक्ता प्रनाउ कुमारविक्रम थापा, वीरगंज उद्योग वाणिज्य सङ्घका अध्यक्ष अनिल अग्रवाललगायतको सहभागिता थियो। कार्यक्रमको सहजीकरण स्वास्थ्य कार्यालय पर्साका जनस्वास्थ्य अधिकृत जयमोद ठाकुरले गरेका थिए।

## सामानसहित ट्रक नियन्त्रण

प्रस, वीरगंज, ६ फागुन/

जिल्ला प्रहरी कार्यालय, बाराले दुई करोड ८३ लाख मूल्य बराबरका सामान सहित दुईवटा ट्रक नियन्त्रणमा लिएको छ।

इलाका प्रहरी कार्यालय, अमलेखगंजले शुक्रवार वीरगंजबाट काठमाडौं जाँदै गरेको ना.७ख १६५२ र ना.८ख ४१६५ नम्बरका ट्रक चेकजाँच गर्ने क्रममा बिलबीजकभन्दा बढी स्रोत खुलाउन नसकेको दुई करोड ८३ लाख ८९ हजार मूल्य बराबरका विभिन्न सामान लोड ट्रक नियन्त्रणमा लिएको हो।

यसैगरी, प्रहरी चौकी पथलैयाले वीरगंजबाट काठमाडौं जाँदै गरेको ना.८ख ७२४४ नम्बरको ट्रकलाई नियन्त्रणमा लिएको छ। सो ट्रकबाट बिलबीजकभन्दा बढी स्रोत खुलाउन नसकेको ७७ लाख छ हजार मूल्य बराबरको खुद्रा सामान भेटिएपछि ट्रक नियन्त्रणमा लिई राजस्व अनुसन्धान कार्यालय, पथलैयामा बुझाएको निमित्त सूचना अधिकारी प्रहरी निरीक्षक वीरेन्द्रराज गुरुङले बताए।

# खेलकूदको संसार

## नेपाल 'ए' टोली क्यानडा–११ सँग पराजित

काठमाडौं, ६ फागुन/रासस

एकदिवसीय शृङ्खलाको पहिलो खेलमा नेपाल 'ए' टोली क्यानडा–११ सँग चार विकेटले पराजित भएको छ।

माथिल्लो मूलपानी क्रिकेट मैदानमा आइतवार भएको खेलमा नेपाल 'ए'ले प्रस्तुत गरेको २१७ रनको लक्ष्य क्यानडाले ४९ दशमलव तीन ओभरमा छ विकेट गुमाउँदै पूरा गऱ्यो। क्यानडाका लागि नवनीत धलिवालले सर्वाधिक ८० रनको योगदान दिए। उनले ७६ बल खेल्दै १० चौका र दुई छक्का प्रहार गरे। यसैगरी, निखिल दत्तले ११५ बलमा पाँच चौका र एक छक्काको मदतमा अविजित ६७ रन बनाए। कप्तान साद बिन जफरले २३, श्रेयस मोम्भाले अविजित २२ तथा दिलप्रीत बाजवाले १० रन बनाए।



'म्यान अफ दी म्याच' क्यानडाका नवनीत धलिवाल (दायाँ)। तस्वीरः क्रिकेट एशोसिएशन अफ नेपाल

बलिङतर्फ नेपाल 'ए'का लागि साहब आलमले दुइ तथा रासिद खान, बसिर अहमद, प्रतीश जिसी र सागर ढकालले एक/एक विकेट लिए।

त्यसअघि टस हारेर पहिला ब्याटिङको निम्तो पाएको नेपाल 'ए'ले निर्धारित ५० ओभरको खेलमा आठ विकेट आठ गुमाउँदै २१६ रन बनायो। नेपाल 'ए'का लागि बसिर अहमदले ५५ बलमा तीन चौका र एक छक्काको मदतमा अविजित ५० रनको योगदान दिए। यसैगरी, रासिद खानले ४०, मयन यादवले ३५, किरण ठगुन्नाले २५, विवेक यादवले २१ र सन्दीप जोराले १४ रन बनाए।

बलिङतर्फ क्यानडाका लागि साद बिन जाफले तीन, ईश्वरजीत सोधीले दुई तथा डिलोन हेलिगर, हर्ष थोकर र शाहिद अहमदजाइले एक/एक विकेट लिए। उक्त शृङ्खलाको दोस्रो खेल यही फागुन ८ गते हुनेछ।

## राष्ट्रपति रनिङ शिल्डमा प्रस्टोका मावि प्रथम

प्रस, परवानीपुर, ६ फागुन/

बाराको प्रसौनी गाउँपालिकामा दोस्रो राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता सम्पन्न भएको छ। प्रसौनी बजारनजीकैको खेलमैदानमा आयोजित प्रतियोगिताको उद्घाटन गापा अध्यक्ष विनोद जैसवालले गरेका थिए। प्रसौनी गापाभरिका सरकारी र निजी गरी दर्जनभन्दा बढी विद्यालयका तीन हजार विद्यार्थीको सहभागिता रहेको सो प्रतियोगितामा नेरामावि प्रस्टोका विविध खेलकूद प्रतियोगितामा सबैभन्दा बढी पदक जित्दै प्रथम भएको थियो भने द्वितीय स्थान नेरामावि बेलहिया र नेरामावि खुटुवा जब्दीले हासिल गरे। तेस्रो स्थानमा सरस्वती मावि बेलहिया थियो।



प्रतियोगितामा सय, चार सय र आठ सय मिटरको दौड प्रतियोगिता, सर्टफुट, लङजम्प, हाइजम्प खेलाइएको थियो। विजेता विद्यार्थीहरूलाई अतिथिहरूले शिल्ड, प्रमाणपत्र एवं पदक प्रदान गरेका थिए। शिक्षा शाखा प्रसौनी गापाद्वारा आयोजित कार्यक्रममा प्रमुख अतिथि जिल्ला समन्वय समिति बाराका सभापति नरेन्द्र साह, गापा उपाध्यक्ष किरण देवी, पालिकाका कर्मचारी, शिक्षकशिक्षिका तथा विद्यार्थीहरूको सहभागिता थियो।

शिक्षा शाखा प्रमुख सन्तोष रौनियारको सहजीकरणमा सम्पन्न कार्यक्रममा विद्यार्थीहरूले विभिन्न साङ्गीतिक प्रस्तुति दिएका थिए। कार्यक्रमको समापन गर्दै गापा अध्यक्ष जैसवालले खेलकूद प्रतियोगिताले विद्यार्थीहरूको प्रतिभालाई उजागर गर्ने र आगामी दिनमा देशले योग्य खेलाडी पाउने बताए।

## धोबिनी गापा र छिपहरमाई गापा विजयी

दिनेश कुमार मिश्र, वीरगंज, ६ फागुन/

सखुवाप्रसौनी गाउँपालिका दोस्रो क्रिकेट टुर्नामेन्ट–२०८० अन्तर्गत आइतवार दोस्रो दिनको पहिलो खेल जगरनाथपुर गापा र धोबिनी गापाबीच भएकोमा धोबिनी विजयी भएको छ। जगरनाथपुरले टस जितेर पहिला ब्याटिङ गर्दै निर्धारित १६ ओभरमा १४ ओभरमा सबै विकेट गुमाएर ७७ रन बनाएको थियो। ७८ रनको लक्ष्य पछ्याउँदै धोबिनीले नौ ओभरमा तीन विकेटको क्षतिमा ७८ रन बनाएर जीत हासिल गऱ्यो। धोबिनीका विवेक चौहान २.३ ओभरमा १४ रन दिएर चार विकेट लिएकाले 'म्यान अफ दी म्याच' भए।




दोस्रो खेल छिपहरमाई गापा र बहुदरमाई नपाबीच भएकोमा छिपहरमाई ३२ रनअन्तरले विजयी भएको थियो। बहुदरमाईले टस जितेर बलिङ रोजेको थियो। पहिला ब्याटिङ गर्दै छिपहरमाईले १३ ओभरमा सबै विकेट गुमाइ ५८ रन बनाएको थियो। ५९ रनको विजयी लक्ष्य लिएको बहुदरमाईले १० ओभरमा सबै विकेट क्षति २६ रन मात्र बनाउन सक्यो। छिपहरमाईका मणिकुमार साहले तीन ओभरमा चार रन दिएर तीन विकेट लिएपछि 'म्यान अफ दी म्याच' भए।

भोलिको पहिलो खेल परवानीपुर गापा र पर्सागढी नपाबीच तथा दोस्रो खेल वीरगंज–२६ र जगरनाथपुर गापाबीच हुने सखुवाप्रसौनी युवा समाजका सचिव सरोज पटेलले जानकारी गराए।